सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

**फैसला**

०७१-RB-००३५

**विषयः उपयुक्त आदेश जारी गरी पाउँ।**

जिल्ला धनुषा, तल्लो गोदार घर भई काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ३४ शान्तिनगर नुप्से मार्ग घर नं. ६१ बस्ने जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. का शेयरधनी दिपक प्रसाद दाहाल ---------------------------१ पुनरावेदक निवेदक

**विरुद्ध**

का.जि.का.म.न.पा. वडा नं. ३३ ज्ञानेश्वर बस्ने जगदम्बा रोटोप्याकेजिङ प्रा.लि. को शेयरधनी विष्णु प्रसाद न्यौपाने----------------------------१ प्रत्यर्थी विपक्षी

का.जि.का.म.न.पा. वडा नं. ४ बस्ने ऐ. ऐ. कम्पनीको शेयरधनी सुलभ अग्रवाल-१ जिल्ला रुपन्देही हाटीवनगाई ५ स्थित क्वालिटी रोटोप्याकेजिङ प्रा.लि.--------------------------------------------------------१

**सुरू तहमा फैसला गर्ने न्यायाधीशः** माननीय न्यायाधीश श्री नारायण प्रसाद दाहाल
माननीय न्यायाधीश श्री मनोजकुमार शर्मा
पुनरावेदन अदालत, बुटवल
फैसला मितिः २०७०।१०।०८

साविक न्याय प्रशासन ऐन, २०४८ र प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(घ) बमोजिम यस अदालतको क्षेत्राधिकारभित्रको भई पुनरावेदनको रोहमा पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. म दिपक प्रसाद दाहाल जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को २५ प्रतिशत शेयर धनी र सो कम्पनीको संचालक समितिको सदस्य पनि हुँ। मेरोसमेत लगानीमा उक्त कम्पनी २०६२ सालमा दर्ता हुँदा विपक्षी १, २ र मसमेत गरी ३ सदस्यीय संचालक समिति

गठन भई कम्पनी संचालनमा आएको थियो। जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. ले जिल्ला रुपन्देही हाटी वनगाई गा.वि.स. वडा नं. ५क कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ गरी जम्मा क्षेत्रफल १-६-१०-० जग्गा खरीद गरी घर टहरा निर्माण गरी मेसीनरी सामान समेत ल्याई कम्पनीको उद्देश्य अनुसारको उत्पादनको काम गरी संचालनमा आएको र काठमाण्डौ स्यूचाटारमा ५-४-३-० क्षेत्रफल जग्गा खरीद गरी व्यापार व्यवसाय बढाई आएको अवस्थामा विपक्षी नं.१ र २ मिली उक्त कम्पनीको minority share holder मलाई थाहा जानकारी नदिई कम्पनीबाट निकाल्ने र मेरो समेत करोडौ लगानी भएको अवस्थामा मेरो सम्पत्ति खाने नियतले कम्पनीको साधारण सभा तथा कुनै वैठकमा समेत विगत १ वर्ष देखि मलाई नबोलाई मेरो मञ्जुरी सहमती वेगर जिल्ला रुपन्देही हाटी वनगाईमा खरीद गरिएका कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ समेतको ज.वि.१-६-१०-० जग्गा र सो मा बनेको घर टहरा तथा फ्याक्ट्री समेत करोडौं मूल्य पर्नेमा केवल रु. ६ करोडमा विपक्षी क्वालिटी रोटो प्याकेजिङ प्रा.लि. लाई मालपोत कार्यालय रुपन्देहीबाट राजिनामा लिखत (२०७०।३।१० र.नं. ६९३२(ग)) पारित गरेको कार्य जगदम्बा रोटो प्याकेजिङको प्रवन्धपत्र, नियमावली र कम्पनी ऐन, २०६३ समेतको विपरीत छ। उक्त नियमावलीमा ३ जना संचालक हुने व्यवस्था भएकोमा मिति २०७०।३।५ को निर्णय र मिति २०६९।८।६ को साधारण सभा समेत विपक्षी १ र २ नं. मात्र मिली मलाई थाहा जानकारी नदिई २ जनाको मात्र संचालक समिति गठन गरिएको कार्य समेत वदनियतपूर्ण छ।

त्यसैगरी उक्त कम्पनीमा मबाट लगानी भएको रु.३,६९,३६,२५०।– मैले फिर्ता पाएको पनि छैन। म समेतको शेयर स्वामित्वमा रहेको जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. का जग्गाहरु कोही कसैका नाममा हक हस्तान्तरण नगर्न नगराउन धितो वन्धक नराख्नका साथै म समेतलाई कम्पनीको काम कारवाहीमा संलग्न गराउन मैले कम्पनीलाई दिएको डाइरेक्टर लोन फिर्ता गराउन र गैरकानूनी रुपमा विक्री भएको रुपन्देहीको जग्गाको ६ करोड रुपैया कम्पनीको खातामा जम्मा गर्न लगायतका विषयमा पुनरावेदन अदालत पाटनमा निवेदन दिएको हुँदा सो सम्वन्धमा त्यहीबाट निर्णय हुने नै हुँदा मेरो मंजुरी र सहमती वेगर मालपोत कार्यालय रुपन्देहीबाट र.नं. ६९३२ (ग) मिति २०७०।३।१० को राजिनामाबाट जिल्ला रुपन्देही हाटी वनगाई ५(क) मा रहेको

कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ को ज.वि.१-६-१०-० जग्गा र घर समेत दिने जगदम्बा रोटो प्याकेजिङ र लिने क्वालीटी रोटो प्याकेजिङ भएको उक्त राजिनामाको लिखत वदर गरी उक्त सम्पुर्ण सम्पति जगदम्बा रोटो प्याकेजिङका नाममा यथास्थितीमा दर्ता श्रेष्ता कायम गर्नु भनी उपयुक्त आदेश जारी गरी पाउँ र तत्काल उपयुक्त अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. का शेयरधनी दिपक प्रसाद दाहालले पुनरावेदन अदालत, बुटवलमा दायर गरेको निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कारण र आधार भए सोको प्रमाण समेत साथै राखी म्याद सूचना प्राप्त भएका मितिले बाटाको म्याद वाहेक ७(सात) दिनभित्र आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाउंमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। निवेदकले अन्तरिम आदेशको समेत माग गरेको सम्वन्धमा विचार गर्दा, निवेदक समेत शेयरधनी रहेको कम्पनीको सम्पत्ति अरु कसैलाई विक्री वितरण वा हक हस्तान्तरण हुन गएमा निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिंदा निवेदन माग बमोजिम रुपन्देही जिल्ला, हाटी वनगाई गा.वि.स. वडा नं. ५ (क) कि.नं. ३६५, ३६६, ३६७, ७५५, ७५६ को जग्गा र सो जग्गामा रहेको घर, टहरा, मेशिनरी सामान यो निवेदनको टुङ्गो नलागेसम्म कोही कसैलाई हस्तान्तरण नगर्नु नगराउनु र कही कतै धितो वन्धक समेत नराखी सबै जायजेथा यथांस्थितिमा राख्नु भनी विपक्षीहरुका नाममा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३ क बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। अन्तरिम आदेश भएको व्यहोरा विपक्षीहरुलाई दिई नियमानुसार गरी पेश गर्नू भन्ने बेहोराको पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।४।१ मा भएको आदेश।

३. निवेदकको जिकिर गलत छ। हामीले कम्पनी डुवाउने नियतले कुनै काम गरेका छैनौं। संचालक समितिको वैठक बस्न विपक्षीलाई मिति २०६८।१।८, मिति २०६८।८।११, मिति ०६८।९।२० लगायतका मितिमा उपस्थितीका लागि जानकारी गराउँदा समेत अनुपस्थित रहेपछि ३ जना सदस्य भएको कम्पनीमा ७५ प्रतिशत

शेयरधनी उपस्थित भई राष्ट्रिय वाणिज्य बैंकको ऋण चुक्ता गर्ने सम्बन्धमा साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय भएकोमा सो अवस्थामा पनि निज अनुपस्थित रहेकाले पत्र पठाउँदा नबुझेकोले मिति २०६९।७।२४ मा हुलाकबाट रजिष्ट्री गरी पठाइएको र मिति २०६९।७।२२ को राजधानी पत्रिकामा प्रकाशित गरिएको व्यहोरा समेत उक्त पत्रमा जानकारी गराइएको थियो। राष्ट्रिय वाणिज्य बैंकको ऋण चुक्ता गरी कम्पनी बचाउनका लागि कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार कार्य गरी जग्गा विक्री गरिएको हो। कम्पनी ऐन, २०६३ को दफा ९७ र प्रा.लि. को नियमावलीको नियम १२ को देहाय ङ, च, छ, ज, झ र ञ मा व्यवस्था गरे अनुसार भएको निर्णय र तत्पश्चात गठित संचालकहरुबाट भएको निर्णयबाट निजलाई के कस्तो अपुरणीय क्षति पुग्न गएको सो सम्वन्धमा ठोस तरिकाबाट औंल्याउन निवेदकले सक्नु भएको छैन। निवेदकले कम्पनिको डाइरेक्टर लोन अन्तर्गत मेरो व्यक्तिगत ऋण रु. ३,६९,३६,२५०।- समेत समावेश भएको भनी दावी लिएतापनि उक्त रकम कुन मितिमा जम्मा गर्नु भएको हो भनि खुलाउन पनि सक्नु भएको छैन। प्रमाण बिना डाइरेक्टर लोनमा मेरो रकम हिनामिना भएको भन्न मिल्दैन। अतः संचालक समितिको मिति २०७०।३।५ को निर्णयले राष्ट्रिय वाणिज्य बैंकबाट धितो फुकुवा गर्ने निर्णयको आधारमा फुकुवा भई मिति २०७०।३।१० मा जगदम्बा रोटो प्याकेजिङ्गले क्वालीटी रोटो प्याकेजिङलाई रु. ६ करोडमा घर जग्गा विक्री गरिसकेको अवस्था हुँदा उपयुक्त आदेश गरि पाउँ भनि विपक्षीले दिएको निवेदन औचित्यहित भएकोले खारेज गरि पाउँ भन्ने व्यहोराको शेयरधनी विष्णु प्रसाद न्यौपाने र शुलभ अग्रवालले पुनरावेदन अदालत बुटवलमा मिति २०७०।४।८ को दिएको लिखित जवाफ।

४. यस क्वालीटी रोटो प्याकेजिङले जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. बाट हाटी वनगाई गा.वि.स. वडा नं.५(क) मि.नं. ३६५, ३६६, ३६७, ७५५, ७५६ को जग्गा ज.वि.१-६-१०-० जग्गा र सो मा बनेको घर समेत गरी जग्गाको ५ करोड र घरको १ करोड गरी रु. ६ करोडमा र.नं. ६९३२(ग) मिति २०७०।३।१० मा मालपोत कार्यालय रुपन्देहीबाट राजिनामा गरी लिएको हो। ऐन कानूनको विधि अन्तर्गत रही यस कम्पनीलाई हस्तान्तण गरिएको हुँदा विपक्षीको दावीबमोजिम सम्मानित अदालतबाट आदेश जारी गर्न मिल्दैन। दाता जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. को मिति

२०६९।८।६ मा साधारण सभाबाट भएको निर्णय बमोजिम प्रा.लि. को अचल सम्पत्ति विक्री गरी ऋण तिर्ने भनि भएको विधिवत निर्णयलाई विपक्षीले अन्यथा भन्न मिल्दैन। अतः कम्पनी ऐन, २०६३ अन्तर्गत रही रजिष्ट्रेसन पारित गरी लिनु दिनु भए गरेको कार्य कानून सम्मत हुँदा विपक्षीको झुठो निवेदनबाट फुर्सद पाउँ भन्ने समेत व्यहोराको क्वालीटी रोटो प्याकेजिङको तर्फबाट पुनरावेदन अदालत बुटवलमा परेको लिखित जवाफ।

५. निवेदकले मुख्य रुपमा उपचारको माग गरेको कम्पनी ऐन, २०६३ को दफा १३९ लाई प्रयोग गरी अदालतले सम्वन्धित कम्पनी वाहेकका अन्य निकायलाई आदेश जारी गर्न सक्ने देखिन आउँदैन। कम्पनीले विक्री गरेको घर जग्गाको राजिनामा लिखत वदर गराउनका लागि अदालत प्रवेश गर्ने मार्गको अवलम्वन कम्पनी ऐनको माध्यमबाट हुन सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ मा कहिं कतै गरेको देखिंदैन। साथै प्रस्तुत विवादमा यस भन्दा अगाडी पुनरावेदन अदालत पाटनमा यसै विषयमा यही प्रकृतिको निवेदन परेको देखिन्छ। तसर्थ निवेदकले जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. को नाउँको जग्गा मालपोत कार्यालय रुपन्देहीबाट र.नं.६९३२(ग) बाट क्वालिटी रोटो प्याकेजिङ प्रा.लि.लाई गरेको हस्तान्तरण कम्पनी ऐन, २०६३ को दफा १३९ बमोजिम वदर गरी पाउन निवेदन गरेको देखिंदा सो ऐन बमोजिमको दावी पुग्न नसकी निवेदन खारेज हुने ठहर्छ भन्ने समेत बेहोराको पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।१०।०८ मा भएको फैसला।

६. कम्पनी ऐन, २०६३ को दफा १३९ ले कम्पनीले विक्री गरेको लिखत र सो काम कारवाही बदर गर्न, वा सो सम्वन्धमा मुद्दा गर्न कम्पनी पदाधिकारी (निवेदक शेयरधनी) लाई अख्तियारी दिई उपयूक्त निर्देशन गर्न वा विक्री गरेकोबाट भएको क्षतिपूर्ति दिन वा अन्य उपयूक्त आदेशबाट न्याय प्रदान गर्न सक्दछ। तर सुरु अदालतले सो उपयूक्त आदेश नगरी निवेदक पुनरावेदकलाई कम्पनीमा अन्याय भएको स्वीकार्दै निवेदन खारेज गर्ने गरेकोबाट झनै अन्याय पुग्न गएको हुँदा सो फैसला बदर गरी सुरु निवेदन जिकिर र प्रस्तुत पुनरावेदन जिकिर बमोजिम विपक्षीहरुबाट मेरो अनुपस्थितिमा म अल्पमत शेयरधनीको हकहितमा असर पार्ने गरी मिति २०६९/८/६ मा भएको वार्षिक साधारण सभा र सो साधारण सभाबाट पास भएका सम्पूर्ण काम कारवाही लगायत गठित संचालक

समिति कम्पनीको प्रबन्ध पत्र, नियमावली विपरित भए गरेको साथै कम्पनीलाई म शेयरधनीबाट दिईएको ऋणकर्जा रकम समेत लोप हुने गरी विपक्षीहरुबाट विभिन्न कागजातहरु बनाई म अल्पमत शेयरधनीको हकहितमा असर पार्ने गरी गरेका गैरकानूनी काम कारवाही लगायत म माईन्यूरीटी शेयर होल्डरको हकहित विपरित हुने गरी र.नं. ६९३२ ग मिति २०७०/३/१० मा.पो.का. रुपन्देहीको लिखत लगायत सम्पूर्ण काम कारवाही बदर गरी निवेदक पुनरावेदकको मञ्जुरी सहमती बेगर कम्पनीको कुनै पनि काम कारवाही नगर्नु नगराउनु भनी उपयूक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको दिपक प्रसाद दाहालले यस अदालतमा पेश गरेको पुनरावेदनपत्र।

७. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी भएको ०७२-RB-००५४, ०७२-RB-०३४०, ०७२-RB-०५०९ को उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भएकोले प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी देखिंदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थीहरुलाई झिकाई आएपछि अरु नियमानुसार गरी पेश गर्नू भन्ने समेत बेहोराको यस अदालतको मिति २०७४।१०।२४ को आदेश।

## ठहर खण्ड

८. नियमानुसार पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत पुनरावेदनपत्र सहितको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी पुनरावेदक निवेदक दिपकप्रसाद दाहालको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्णप्रसाद सापकोटा र श्री शरदप्रसाद कोईराला तथा विद्वान अधिवक्ता श्री खडानन्द कडेलले कम्पनीले आफ्नो अचल सम्पत्ति विक्री गर्दा २० प्रतिशत भन्दा बढी शेयर रहेको शेयरधनीको मञ्जुरी लिनुपर्ने भन्ने कानूनी व्यवस्थाको विपरित हुने गरी पुनरावेदन अदालतबाट फैसला भएको छ। त्यसैगरी कम्पनी ऐनमा शेयरधनीलाई कुनै भेदभावपूर्ण व्यवहारका कारण हानी नोक्सानी भएमा हानी नोक्सानी भराई दिने लगायतको व्यवस्था हुँदाहुँदै पुनरावेदन अदालत बुटवलबाट निवेदन खारेज हुने ठहरी भएको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला उल्टी गरी निवेदन मागदावी अनुसार गरी पाउँ भनी तथा प्रत्यर्थी/विपक्षीहरु विष्णुप्रसाद न्यौपाने तथा सुलभ अग्रवालसमेतको तर्फबाट उपस्थित हुनुभएको विद्वान अधिवक्ताहरु श्री प्रभुजी पन्त र श्री जगदिशचन्द्र पाण्डेले संचालक समितिको वैठक बस्न निवेदकलाई मिति २०६८।१।८ लगायतको विभिन्न मितिमा उपस्थितिका लागि जानकारी गराउँदा समेत

अनुपस्थित रहेपछि ३ (तीन) जना सदस्य भएको कम्पनीमा ७५ प्रतिशत शेयरधनी उपस्थित भई राष्ट्रिय वाणिज्य बैंकको ऋण चुक्ता गर्ने सम्बन्धमा साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय लगायतका अन्य सबै कामकारबाहीहरु कानून बमोजिम नै भएको हुँदा उक्त निवेदन मागदाबी खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. निर्णयतर्फ विचार गर्दा म समेत शेयर धनी र संचालक समितिको सदस्य रहेको जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. ले मेरो समेत करोडौ लगानी भएको अवस्थामा विपक्षी क्वालिटी रोटो प्याकेजिङ प्रा.लि. लाई मेरो मंजुरी र सहमती वेगर मालपोत कार्यालय रुपन्देहीबाट र.नं. ६९३२(ग) मिति २०७०।०३।१० को राजिनामाबाट जिल्ला रुपन्देही हाटी वनगाई ५(क) मा रहेको कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ को ज.वि.१-६-१०-० जग्गा र घर समेत विपक्षी क्वालिटी रोटो प्याकेजिङ प्रा. लि. लाई नामसारी गर्ने गरी लिखत भएको हुँदा उक्त राजिनामाको लिखत वदर गरी उक्त सम्पुर्ण सम्पति जगदम्बा रोटो प्याकेजिङका नाममा यथास्थितीमा दर्ता श्रेष्ता कायम गर्नु भनी उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर र संचालक समितिको मिति २०७०।०३।५ को निर्णयले राष्ट्रिय वाणिज्य बैंकबाट धितो फुकुवा गर्ने निर्णयको आधारमा फुकुवा भई मिति २०७०।०३।१० मा जगदम्बा रोटो प्याकेजिङ्गले क्वालीटी रोटो प्याकेजिङलाई रु. ६ करोडमा घर जग्गा विक्री गरिसकेको अवस्था हुँदा निवेदकको औचित्यहिन निवेदन खारेज गरि पाउँ भन्ने व्यहोराको प्रत्यर्थी विष्णु प्रसाद न्यौपाने र शुलभ अग्रवालको लिखित जवाफ तथा क्वालीटी रोटो प्याकेजिङले जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. बाट हाटी वनगाई गा.वि.स.वडा नं. ५(क) मि.नं. ३६५, ३६६, ३६७, ७५५, ७५६ को जग्गा ज.वि.१-६-१०-० जग्गा र सो मा बनेको घर समेत गरी जग्गाको ५ करोड र घरको १ करोड गरी रु. ६ करोडमा र.नं.६९३२(ग) मिति २०७०।३।१० मा मालपोत कार्यालय रुपन्देहीबाट राजिनामा गरी लिएको हो र कम्पनी ऐन, २०६३ अन्तर्गत रही रजिष्ट्रेसन पारित गरी लिनु दिनु भए गरेको कार्य कानून सम्मत हुँदा निवदेन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको क्वालीटी रोटो प्याकेजिङको लिखित जवाफ रहेकोमा कम्पनी ऐन, २०६३ को दफा १३९ को प्रावधानहरुले सम्बन्धित कम्पनी र सो को क्रियाकलापहरुलाई मात्र नियन्त्रण गर्न सक्ने देखिन्छ। उक्त दफाको प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेक अन्य

निकायलाई आदेश जारी गर्न नमिल्ने हुँदा मागदाबी पुग्न नसकी रिट खारेज हुने ठहर्छ भनी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।१०।०८ मा फैसला भएको देखिन्छ। उक्त फैसला उपर चित्त नबुझाई निवेदन दिपकप्रसाद दाहालको यस अदालतसमक्ष पुनरावेदन परेको देखिन्छ।

१०. उक्त पुनरावेदनपत्रमा शुरु पुनरावेदन अदालतको फैसला त्रुटीपुर्ण र गैरकानूनी भएको हुँदा सो फैसला बदर गरी मिति २०६९।०८।०६ मा भएको वार्षिक साधारण सभा र सो साधारण सभाबाट पास भएका सम्पूर्ण काम कारवाही, र नं. ६९३२ (ग) मिति २०७०।०३।१० मालपोत कार्यालय रुपन्देहीको राजिनामा लिखत लगायत सम्पुर्ण कामकारवाही बदर गरी पुनरावेदकको सहमति बेगर कुनै काम कारवाही नगर्नु नगराउनू भन्ने तथा अन्य उपयुक्त आदेशसमेत जारी गरी पाउँ भनी पुनरावेदन जिकिर लिएकोमा यस मुद्दाको तथ्य तथा कम्पनी ऐन, २०६३, उक्त कम्पनीको प्रबन्धपत्र, नियमावली लगायतका कानूनी व्यवस्थासमेत हेरी निष्कर्षमा पुग्नुपर्ने देखियो।

११. उल्लिखित पुनरावेदन जिकिरसहितको मिसिल कागज हेरी दुवै पक्ष तर्फका विद्वान विद्वान कानून व्यवसायीहरुको वहस जिकिर सुनी मिसिल प्रमाणसहितका सम्पूर्ण कागजातहरुको अध्ययन गरी हेर्दा प्रस्तुत विवादमा निम्न प्रश्नहरुमा विवेचना गरी निर्णय गर्नुपर्ने देखिन आयोः

क) पुनरावेदकलाई सञ्चालक समितिबाट हटाउने निर्णय मिलेको छ वा छैन ?

ख) विपक्षीहरुको कामकारवाहीबाट पुनरावेदक अल्पमत शेयरधनीको हकमा कम्पनी ऐन, २०६३ को दफा १३९ आकर्षित हुने अवस्था छ वा छैन?

ग) दफा १३९ अन्तर्गत दाबी ल्याउँदा कम्पनीलाई विपक्षी बनाउनु पर्छ वा पर्दैन?

घ) कम्पनी ऐन, २०६३ को दफा १३९ अन्तर्गतका प्रावधानहरुले सम्बन्धित कम्पनी र सो को क्रियाकलापहरुलाई मात्र नियन्त्रण गर्न सक्ने हो वा सो दफाको प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेकका अन्य निकायसमेतलाई आदेश जारी गर्न सक्ने हो ? अर्थात् दफा १३९ अन्तर्गतको उपचारको प्रकृति के कस्तो हुने हो?

(ङ) पुनरावेदन अदालतले गरेको फैसला मिलेको छ वा छैन?

१२. पहिलो प्रश्न **पुनरावेदकलाई सञ्चालक समितिबाट हटाउने निर्णय मिलेको छ वा छैन** भन्ने सम्बन्धमा विचार गर्दा, पटक-पटक सुचना दिंदा पनि पुनरावेदक दिपकप्रसाद दाहाल

जगदम्बा रोटो प्याकेजिङ्ग प्रा. लि. को सञ्चालक समिति तथा साधारण सभामा अनुपस्थित रहेको, जसले गर्दा निज यस कम्पनीमा सक्रिय रुपमा कार्यरत रहन इच्छुक नदेखिएको र यस कम्पनीको सञ्चालक समितिमा आबद्ध भई सेवारत रहन इच्छुक हुनु भएमा सोही बमोजिम गर्ने गरी हाललाई आगामी दुई वर्ष सम्म कार्यकाल रहेन गरी दुई जनाको सञ्चालक समिति गठन गरी गठित सञ्चालक समितिको अध्यक्ष पदमा श्री विष्णुप्रसाद न्यौपानेलाई र सञ्चालक पदमा श्री सुलभ अग्रवालज्यू मनोनयन गरियो भन्ने विपक्षीहरुको साधारण सभाको निर्णय देखिन्छ। यस सम्बन्धमा हेर्दा कम्पनी ऐन, २०६३ को दफा ८६(१) मा "प्राइभेट कम्पनीको सञ्चालकहरुको नियुक्ति र निजहरुको सङ्ख्या नियमावलीमा व्यवस्था गरिए बमोजिम हुनेछ" भन्ने प्रावधान रहेको देखिन्छ र जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को नियमावलीको नियम १२ को खण्ड (ख) मा यस कम्पनीमा तीन जनाको संचालक समिति हुनेछ र सोहि नियमको खण्ड (ग) मा संचालकको कार्यकाल चार वर्षको हुनेछ भन्ने प्रावधान रहेको देखिन्छ। तर मिति २०६९।०८।०६ मा सम्पन्न भएको साधारणसभाको निर्णयको निर्णय नं. ४ मा "...हाललाई दुई वर्षसम्म कार्यकाल रहने गरी दुई जनाको संचालक समिति गठन गरियो र गठित संचालक समितिको अध्यक्ष पदमा विष्णुप्रसाद न्यौपाने र सदस्यमा सुलभ अग्रवाललाई मनोनयन गरेको" छ भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ। यसरी नियमावलीले तीन जना सञ्चालक भनी तोकेको अवस्थामा सो नियमावलीको प्रावधानलाई साधारण सभाले परिवर्तन नगरी दुई जना मात्र सञ्चालक समिति कायम गर्दा कम्पनी ऐन र जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को नियमावलीको प्रावधानसँग मिलेको देखिदैन। सामान्यतया कुनै कम्पनीको शेयरधनी कम्पनीको महत्त्वपूर्ण सभाहरुमा अनुपस्थित वा असंलग्न रहन्छ भने त्यस्तो कार्यलाई सम्बोधन गर्न छुट्टै कानुनी प्रक्रियाबाट उपचार प्राप्त गर्न अघि बढ्नु पर्ने हुन्छ। त्यस्तो कार्यलाई आधार मानी कम्पनीको नियमावली, कम्पनी ऐनले निर्दिष्ट गरेको प्रावधानलाई उल्लंघन गर्न गरी त्यस्तो शेयरधनीलाई निष्काशन नै गर्न मिल्ने देखिँदैन। यसरी जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को नियमावलीले तीन जना संचालक रहने बाधात्मक व्यवस्था गर्दागर्दै विपक्षीहरुले कम्पनीको नियमावलीको व्यवस्था बिपरित हुने गरी बहुमत संचालक शेयरधनीहरुबाट साधारणसभा संचालन गरेको देखिएबाट कम्पनीका

बहुमत शेयरधनीले सफा नियतका साथ काम कारबाही गरेको भन्न सकिने अवस्था रहेन भनी पुनरावेदन अदालत पाटनबाट भएको फैसला सो हदसम्म अन्यथा भन्नु पर्ने देखिएन।

१३. दोस्रो प्रश्न **विपक्षीहरुले गरेको कामकारवाहीबाट पुनरावेदक अल्पमत शेयरधनीको हकमा कम्पनी ऐन, २०६३ को दफा १३९ को अवस्था आकर्षित हुने देखिन्छ वा देखिँदैन** भन्ने तर्फ विचार गर्दा उक्त दफाको वस्तुगत क्षेत्राधिकार (material jurisdiction) का बारेमा चर्चा गर्नु पर्ने देखियो। ऐ. ऐनको दफा १३९ को क्षेत्र (scope) बारे यस भन्दा अघि यस अदालतबाट मिति २०७९।०५।१३ मा फैसला भएको *श्रीजन मानन्धर समेत विरुद्ध राजेश कुमार कर्ण (०७१-RB-०१९०)* तथा *मिति २०७७।१०।२६ मा फैसला भएको अमीरप्रताप राणा समेत विरुद्ध माधवराज शर्मा (०६९-RB-००२९)* को मुद्दामा यस अदालतले गरेको विवेचनालाई मध्यनजर राखी अझ थप व्याख्या गर्नु पर्ने देखिन्छ।

१४. उक्त ऐनको दफा १३९ मा "अल्पमत शेयरधनी" भनी स्पष्ट उल्लेख नगरिएको भएतापनि यस अदालतबाट भएका व्याख्या तथा प्रतिपादित सिद्धान्त, तुलनात्मक अध्ययन र सिद्धान्त तथा यस सम्बन्धमा लेखिएका लेख रचनाहरुसमेतबाट दफा १३९ को उद्देश्य अल्पमतका शेयरधनीहरुको हकहित संरक्षण गर्ने पनि हो भन्ने सम्बन्धमा धेरै चर्चा गरिरहनु पर्ने देखिँदैन।

१५. यस सम्बन्धमा हेर्दा कम्पनी ऐन, २०६३ को दफा १३९ का प्रावधानहरु आकर्षित हुन मूलतः दुई अवस्था विद्यमान हुनु पर्ने देखिन्छ। पहिलो दफा १३९(१) अनुसार, शेयरधनीको 'हक हितविरुद्ध' कम्पनीको कारोबार सञ्चालन भएको वा हुन लागेको वा कम्पनीको तर्फबाट गरिएको वा गर्न लागिएको कुनै काम वा कम्पनीले गर्नु पर्ने कुनै काम नगरेको कारणबाट कुनै शेयरधनीको हक हित विपरीत काम भएको वा हुन सक्ने सम्भावना विद्यमान भएको हुनु पर्छ। दोस्रो दफा १३९(२) अनुसार, निवेदन गर्ने शेयरधनीले कम्पनीको व्यवस्थापन र नियन्त्रण गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारीले प्रबन्धपत्र वा नियमावली वा सर्वसम्मत सम्झौताको बर्खिलाप गरी *बदनियतसाथ वा अनुचित भेदभाव* गरेको वा गर्न लागेको भनी प्रमाणित गर्नु पर्दछ। अर्को शब्दमा, शेयरधनीको 'हक हितविरुद्ध' कार्य भएको वा हुन लागेको हुनुपर्ने, र यसको साथ-साथै त्यस्तो कार्य कम्पनीको व्यवस्थापन र नियन्त्रण गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारीले प्रबन्धपत्र वा नियमावाली वा सर्वसम्मत

सम्झौताको बर्खिलाप गरी *बदनियतसाथ वा अनुचित भेदभाव* साथ कार्य गरेको देखिनुपर्ने हुन्छ।

१६. पहिलो अवस्थाको सम्बन्धमा विचार गर्दा, दफा १३९(१) मा "हक हित" शब्द प्रयोग भएको परिप्रेक्ष्यमा यस उपदफा ले अल्पमत शेयरधनीलाई कुन हदसम्म र कस्तो सुरक्षा प्रदान गर्छ, अर्थात् उक्त उपदफाको क्षेत्र (scope) के हो भन्ने विषयमा विवेचना गर्नु पर्ने देखियो। यस सम्बन्धमा विचार गर्दा, दफा १३९(१) मा "हक" भन्ने शब्दसँगै "हित" भन्ने शब्दको प्रयोग भएको पाइन्छ। साबिकको कम्पनी ऐन, २०५३ को समान विषयलाई सम्बोधन गर्ने दफा १३१(१) को प्रावधानले "हित" मात्र उल्लेख गरेको पाइन्छ, र "हक" भन्ने शब्द २०६३ को ऐनमा मात्र थप गरिएको पाइन्छ। यसबाट प्रथम दृष्टिमा नै दफा १३९ को उद्देश्य अल्पमत शेयरधनीको हितलाई मात्र नभई हकलाई समेत संरक्षण गर्नु हो भन्ने विधायिकी मनसाय स्पष्ट देख्न सकिन्छ।

१७. कम्पनी ऐन, २०६३ ले दफा १३९(१) मा थप गरेको "हक" भन्ने शब्द अलङ्कारको लागि समावेश गरिएको होइन। पछिल्लों कानूनमा दफा १३९(१) मा "हक" भन्ने शब्दसँगै "हित" भन्ने शब्दको प्रयोग भएको हुँदा हित भन्ने शब्दलाई हकसमेत समावेश हुने गरी विस्तृत व्याख्या गर्नुपर्ने देखियो। उक्त "हक हित" भन्ने शब्दले शेयरधनीका "वैध अपेक्षा" (legitimate expectations) समेतलाई सम्बोधन गरेको भन्न मिल्ने देखिन्छ। यस मान्यतालाई तुलनात्मक अभ्यास तथा विद्वानहरुको धारणा समेतलाई मध्यनजर गरेर हेर्नुपर्ने देखिन्छ। यहि विषयलाई सम्बोधन गर्ने बेलायतको Companies Act, २००६ को दफा ९९४[१] का सम्बन्धमा कम्पनी कानूनका प्रसिद्ध विद्वान Gower ले भने अनुसार, "The important steps taken by the courts can be characterised by saying that the courts recognized that s. 994 protects expectations and not just rights."[2] त्यस्तै, A.J. Dignam

---

[१] Companies Act, 2006, United Kingdom, **Section 994: Petition by company member**:
1. A member of a company may apply to the court by petition for an order under this Part on the ground-
(a) that the company's affairs are being or have been conducted in a manner that is unfairly prejudicial to the interests of members generally or of some part of its members (including at least himself), or
(b) that an actual or proposed act or omission of the company (including an act or omission on its behalf) is or would be so prejudicial.
2. The provisions of this Part apply to a person who is not a member of a company but to whom shares in the company have been transferred or transmitted by operation of law as they apply to a member of a company.
3. In this section, and so far as applicable for the purposes of this section in the other provisions of this Part, "company" means-
(a) a company within the meaning of this Act, or
(b) a company that is not such a company but is a statutory water company within the meaning of the Statutory Water Companies Act 1991 (c. 58).

and J.P. Lowry का अनुसार, "...the provision uses the term "interests"...[which is] designed to be expansive in effect and so effectively avoids the straitjacket which terminology such as "rights" would impose on the scope of the provision"[3] अर्थात् दफा ९९४ मा गरिएको व्यवस्थालाई अधिकारको परिप्रेक्ष्यमा मात्रै सिमित नगरी अपेक्षा (legitimate expectation) लाई समेत संरक्षण गर्नु न्यायालयको महत्वपुर्ण भुमिका हुने र कानुनमा व्यवस्था गरिएको हित शब्दको प्रयोग संकुचित रुपमा मात्रै नभई अधिकारसमेत समावेश हुने गरी बृहत रुपमा गरिनुपर्छ भनी उल्लेख गरेको पाइन्छ।

१८. कम्पनी ऐन, २०६३ को दफा १३९ ले शेयरधनीलाई निजको हकको उल्लंघन मात्र नभई हित अर्थात् निजको "वैध अपेक्षा" विरुद्धको कार्यलाई समेत रोक लगाएको देखिन्छ। शेयरहोल्डरको "वैध अपेक्षा" भनेको के हो भन्ने प्रश्नको उत्तर सहज नभए तापनि त्यस्को पहिचान गर्नु महत्त्वपूर्ण भएको देखिन्छ। यस सम्बन्धमा बेलायतका अदालतले विभिन्न सिद्धान्त प्रतिपादन गरेका पाइन्छ। Re Saul D Harrison & Sons Plc (१९९५) को मुद्दामा अदालतले "[Legitimate expectations] arises out of a fundamental understanding between the shareholders which formed the basis of their association but was not put into contractual form" भनी व्याख्या गरेको पाइन्छ।[४] अर्थात् "वैध अपेक्षा" भनेको लिखित दस्तावेज भन्दा बाहेकको केही अलिखित सम्झौता वा स्वाभाविक अपेक्षा समेतमा खोजिनु पर्ने देखिन्छ। लिखित सम्झौता विरुद्धको कार्यलाई दफा १३९(१) को "हक" शब्दले समेट्ने हुँदा, उक्त दफा को "हित" भन्ने शब्दले जनाउने विषय शेयरधनीहरु बीच कम्पनी सञ्चालनको सम्बन्धमा स्वीकार गरिएको अलिखित सम्झौता (unwritten understandings) वा स्वभाविक अपेक्षामा खोजिनु पर्ने देखिन्छ। Gower ले यस अवधारणाको औचित्यलाईः "What this principle recognises is that the totality of the agreement or arrangements among the members of the company may not be captured [written form] in the articles of association. This may be so for a number of reasons, but predominantly, it is suggested, because of a desire to avoid transaction costs when establishing a company or when admitting a new person to membership of the company."[५] भनी उल्लेख गरेको पाइन्छ। अर्थात्, कुनै कम्पनी

---

४ *Re Saul D Harrison & Sons Plc* [1995] 1 B.C.L.C. 14 at 19, per Hoffmann LJ, cited at Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-7.

५ Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-7.

स्थापना हुने बेला वा कुनै नयाँ शेयरधनी प्रवेश गरिरहेको बेला कम्पनीका शेयरधनीहरु बीच कम्पनी सञ्चालनको सम्बन्धमा स्वीकार गरिएको सम्पूर्ण साझेदारीका सर्तहरु (terms or basis of association) नियमावली तथा प्रबन्धपत्र जस्ता लिखित दस्तावेजले मात्र नसमेटेको हुन सक्छ, त्यस्ता साझेदारीका सर्तहरु अलिखित समझदारी (unwritten understandings) मा रहेका हुन सक्छन् र त्यसबाट वैध अपेक्षाहरु निःसृत गरिनु पर्ने देखिन्छ। यो अवस्थालाई अनुमान गरिने तार्किक कारणहरु मध्ये एक कारण अलिखित समझदारी लिखित सम्झौता भन्दा बढी सहज (less costly; cheaper) हुन्छ, त्यसैले कानूनले यस्तो अलिखित सम्झौता वा स्वभाविक अपेक्षालाई अनुमान (presume) गर्नु गलत हुँदैन। यस्तो अनुमान गर्नुको अर्को कारण पीडित शेयरधनीको हनन भएको हितको यथार्थता बुझ्नु हो। मर्का परेको शेयरधनीले आफू माथि कम्पनीबाट भएको अन्याय विरुद्धको संरक्षण कम्पनीको लिखित दस्तावेजमा व्यक्त रुपमा नपाउन सक्छन् तर कुनै अलिखित समझदारीको आधारमा उसले आफू उपरको कार्य अन्यायपुर्ण भएको आभाष गर्न सक्दछ। यस अवधारणालाई Gower ले: "When things eventually go wrong [in companies]...the precise provisions of the articles may seem almost irrelevant to the petitioner's *sense of grievance*. The unwritten understandings upon which the members of the company operate will come to the fore."[६] अर्थात् कुनै समस्या देखा परेको अवस्थामा कम्पनीको नियमावलीमा लेखिदिएको प्रावधान मात्र निवेदकलाई परेको मर्काको अगाडि असान्दर्भिक हुनसक्छ। यस अवस्थामा कम्पनी संचालन गर्न कम्पनीको संचालकहरु बिचको लिखित समझदारी अगाडि आउनुपर्ने हुन्छ।

१९. यद्यपी बेलायतको अदालती अभ्यासले अलिखित समझदारीको आधारमा मात्र वैध अपेक्षा हरेक अवस्थामा खोज्न मिल्दैन, यसका केहि महत्त्पूर्ण अपवादहरु छन् भन्ने उल्लेख गरेको पनि पाइन्छ। पहिलो, अलिखित समझदारी खोज्ने नाममा हुँदै नभएको समझदारीलाई अदालतले स्वीकार्नु हुन्न। Re Posgate and Denby (Agencies) Ltd (१९८७)[७] को मुद्दामा: "Section [994] enables the court to give full effect to the terms and understandings on which the members of the company become associated but *not to re-write them*" भनी उल्लेख गरेको पाइन्छ। यस अर्थमा, अलिखित समझदारीको

[६] Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-7. .

[७] *Re Posgate and Denby (Agencies) Ltd* [1987] BCLC 8 at 14, cited at

पहिचान एक चुनौतिपूर्ण विषय देखिन्छ। अर्को महत्त्वपूर्ण अपवाद भनेको, अलिखित समझदारीको आधारमा वैध अपेक्षाको खोज साना तथा थोरै शेयरहोल्डर रहेको कम्पनीमा मात्र सान्दर्भिक हुन्छ। Re Corin Ltd. (२०१२)[८] को मुद्दामा पूर्व सम्बन्ध नभई करोडौं पाउण्डको परियोजनामा लगानी गर्ने तथा लामो र जटिल औपचारिक कागजातहरुद्वारा सञ्चालित उच्च रुपमा परिष्कृत (highly sophisticated) अनुभवी लगानीकर्ताहरु सदस्य रहेको कम्पनीको सम्बन्धमा बेलायतको अदालतले अलिखित समझदारीको खोज गरी वैध अपेक्षाको अनुमान लगाउन अस्विकार गरेको पाइन्छ। Gower कै शब्दमा: "[Legitimate expectations] is almost wholly confined to companies with small, even very small, number of members, probably with relatively unsophisticated governance arrangements. Beyond such companies, it becomes increasingly difficult to demonstrate, first, that there was any relevant informal arrangement; and, secondly, that all the members of the company were parties to it."[९] अर्थात् त्यस्तो वैधानिक अपेक्षाको खोजी विशेष प्रकृतिका संचालन व्यवस्था गरिएका पूर्णतया साना प्रकृति थोरै सदस्य भएका कम्पनीहरु मात्र सम्भव हुने र त्यसभन्दा बाहेकका पहिलो आवश्यक औपचारिक समझदारी रहेको पुष्टि गर्न र दोस्रो त्यस्तो समझदारीको सबै सदस्य सहभागी रहेको पुष्टि गर्न गाह्रो हुन्छ। त्यस्तै, Re Blue Arrow (1987)[१०] को मुद्दामा असूचिकृत धितोपत्र बजार (Unlisted Securities Market) को माध्यमबाट शेयर निष्कासन गर्ने कम्पनी भनेको अलिखित समझदारीबाट वैध अपेक्षाको खोज गर्न सम्भव नहुने किसिमको जटिल संचालन प्रणाली भएको कम्पनी हो भनी व्याख्या गरेको पाइन्छ। अदालतकै शब्दमा: "Outside investors were entitled to assume that the whole of the constitution was contained in the articles, read, of course, together with the Companies Acts. There is in these circumstances *no room for any legitimate expectation* founded on some agreement or arrangement made between the directors and kept up their sleeves and not disclosed to those placing the shares with the public through the Unlisted Securities Market."[११] भनी उल्लेख गरेको पाइन्छ।

---

[८] *Re Coroin Ltd* [2012] EWHC 2343 (Ch) at [636], cited at Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-8.

[९] Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-8.

[१०] *Re Blue Arrow* [1987] BCLC 585 at 590.

[११] *Re Blue Arrow* [1987] BCLC 585 at 590.

२०. कुनै अलिखित समझदारीमा यस्तो किसिमको साझेदारीका सर्तहरु रहेको र त्यो यसरी हनन भएको भनी वैध अपेक्षा उल्लंघन भएको प्रमाणित गर्ने भार दाबी ल्याउने शेयरधनीमा हुन्छ।[१२] तर केहि सर्तहरु यस्ता हुन्छन्, जुनलाई अदालतले स्वतः अलिखित साझेदारीका सर्त भनेर अनुमान गरी त्यसमा वैध अपेक्षाको खोजी गर्न सक्छ। यस्तो स्वतःमान्यता पाउने किसिमका सर्तहरु कम्पनी ऐन तथा कम्पनी कानूनका मान्य सिद्धान्तबाट अदालतले निषृत (derive) गर्न सक्छ।[१३] यस्ता अदालतले स्वतः निषृत गर्ने विषयहरु निम्न बमोजिम हुन सक्छन्:

(क) कम्पनीको व्यवस्थापनमा संलग्न हुने अपेक्षाः

यस सम्बन्धमा Gower का अनुसार "The range of expectations which may be protected is open-ended, although the most common is undoubtedly the petitioner's expectation that he or she would be involved in the management of the company through having a seat on the board" [१४] अर्थात् संरक्षित हुनसक्ने अपेक्षाहरुको दायरा खुल्ला छ, यद्यपि निस्सन्देह विविध अपेक्षा मध्ये न्युनतम रुपमा संचालन समितिमा संलग्न भई कम्पनीको व्यवस्थापनमा संलग्न हुने निवेदकहरुको अपेक्षा हो।

(ख) जालसाजी, थिचोमिचो तथा कम्पनीमा आफ्नो पदिय र सम्पत्ति सम्बन्धी हैसियत उपरको हनन विरुद्धको अपेक्षाः

यस सम्बन्धमा यस अदालतले *नेपाल सरकार विरुद्ध रविन्द्रलाल श्रेष्ठ (ने.का.प. २०७३ नि.नं. ९७५२)* को मुद्दामा "बहुमतको नाममा अल्पमतउपर जालसाजी (fraud on the minority) गर्ने वा उनीहरुलाई थिचोमिचो (oppress) गर्ने, उनीहरुको शेयरको मूल्य घट्ने वा नकारात्मक मत हाल्न सक्ने शक्तिक्षेय हुने स्थिति पार्ने वा कम्पनीको उचित उद्देश्य (proper corporate purpose) विपरीत कार्य गर्ने परिस्थिति पार्ने अधिकार सेयरधनीहरुमा रहँदैन, निजहरुलाई यसो गर्न दिनु कम्पनी कानूनको

---

[१२] Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell.

[१३] नेपालको संविधान, धारा १२६(१): नेपालको न्याय सम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ ।

[१४] Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell, p. 20-8.

आधारभूत नियमको बर्खिलाप हुन जाने" भनी व्याख्या गरेको पाइन्छ। उल्लिखित मान्यता नेपालको संविधान धारा २५ को सम्पत्तिको हकसँग समेत सम्बन्धित देखिन्छ। धारा २५ को उपधारा (१) अनुसार "प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ" भन्ने व्यवस्थाले अल्पमतमा रहेका शेयरहोल्डरको लगानी समेत संरक्षित रहेको छ भन्ने मान्नु पर्ने देखिन्छ।

(ग) उच्चतम परमविश्वासको कर्तव्य (**heightened fiduciary duty**) को अपेक्षा :

यस सम्बन्धमा यस *अदालतले श्रीजन मानन्धर समेत विरुद्ध राजेश कुमार कर्ण (०७१-RB-०१९०)* को मुद्दामा closely held corporations मा शेयरधनीहरुले एकअर्कासंग तथा अल्पमतमा रहेंका शेयरधनी (minority shareholder) को संरक्षणका सम्बन्धमा बहुमतका शेयरधनीले उच्चतम परमविश्वासको कर्तव्य (heightened fiduciary duty) को विस्तारित रुपमा पालना गर्नु पर्ने भनी व्याख्या भएको पाइन्छ। यस सम्बन्धमा Gower ले पनि "[Unwritten] understandings will also include assumptions that, where powers are exercised, they are exercised within the law-for example, powers conferred upon the board will be exercised in accordance with the fiduciary duties of directors- with the result that breaches of fiduciary and other duties may be tied into the shareholders' arrangements as well" [15] अर्थात् अलिखित समझदारीमा यो धारणा पनि समावेश हुन्छ की जब अधिकारको प्रयोग गरिन्छ तब कानुन अनुसार मात्र प्रयोग गरिन्छ। उदाहरणको लागि कम्पनीको संचालकहरुमा निहित अधिकारको प्रयोग संचालकहरुको उच्चतम परमविश्वासको कर्तव्यको आधारमा गरिन्छ जसकारण उच्चतम परमविश्वासको कर्तव्य उल्लघन जस्ता विषय, शेयरधनीका व्यवस्थापनका विषय त्यस्ता समझदारीमा संलग्न भएका हुन्छन् भनी उल्लेख गरेको पाइन्छ।

(घ) सम्बन्धित कम्पनीको प्रबन्धपत्र वा नियमावली वा सर्वसम्मत सम्झौताको सर्तहरु बर्खिलाप गरी बदनियत तथा अनुचित भेदभाव विरुद्धको अपेक्षा:

यस सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १३९(२) सान्दर्भिक देखिन्छ। उक्त प्रावधानमा "उपदफा (१) बमोजिम निवेदन गर्दा त्यस्तो निवेदन गर्ने

[१५] Paul L. Davies and Sarah Worthington, *Gower's Principles of Modern Company Law*, 10th edition, Sweet & Maxwell

सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारीले प्रबन्धपत्र वा नियमावली वा सर्वसम्मत सम्झौताको बर्खिलाप गरी बदनियतसाथ वा अनुचित भेदभाव गरेको वा गर्ने लागेको छ भनी प्रमाणित गर्नु पर्नेछ " भन्ने उल्लेख भएको देखिन्छ। बदनियत तथा अनुचित भेदभाव सम्बन्धी मुद्दाको सान्दर्भिक तथ्य (factual circumstances on a case-by-case basis) उपर रही मूल्याङ्कन गरिनु पर्ने मापदण्डहरु हुन् भन्ने बुझ्नु पर्ने देखिन्छ। यस सम्बन्धमा बेलायतको कम्पनि ऐन, २००६ को दफा ९९४ मा oppression भन्ने शब्दको सट्टा "unfairly prejudicial to the interest of the member" भनी उल्लेख गरेको भएतापनि हाम्रो कम्पनी कानूनमा बदनियत भन्ने शब्द राखिएकोले "prejudice" अर्थात पूर्वाग्राही भन्दा एक तह माथि बदनियत (malafide) भन्ने शब्द राखिएको हुँदा यसको प्रमाणिकताको भारका सम्बन्धमा हाम्रो कानूनी व्यवस्थाले कठोर मापदण्ड निर्धारण गरेको देखिन्छ।

२१. उल्लिखित विवेचनाबाट के निष्कर्ष निकाल्न सकिन्छ भने कम्पनी ऐन, २०६३ को दफा १३९ ले कम्पनी ऐन, अन्य सान्दर्भिक कानून तथा कम्पनीको लिखित प्रबन्धपत्र, नियमावली वा कुनै अन्य दर्ताको बेलाको सम्झौताबाट निःसृत अल्पमतका शेयरधनीको कानुनी "हक" को साथ-साथै कम्पनी तथा बहुमत शेयरधनी उपर भएको "वैध अपेक्षा" बाट निःसृत "हित" को समेत संरक्षण गर्नु पर्ने देखिन्छ। साना प्रकृतिका कम्पनीको शेयरधनीको "वैध अपेक्षा" कम्पनी स्थापना हुँदा वा अल्पमतको शेयरधनी कम्पनीमा प्रवेश गर्दा कम्पनीको सञ्चालनको सम्बन्धमा शेयरधनीहरु बीच भएको अलिखित, अनौपचारिक समझदारीका सर्तहरुमा भेटिनुका साथै, कम्पनी ऐन, प्रबन्धपत्र, नियमावली वा कुनै अन्य सम्झौता र यस अदालत र तुलनात्मक क्षेत्राधिकारबाट प्रतिपादित सिद्धान्तमा झल्किने कम्पनी कानूनका मान्य सिद्धान्तहरुका माध्यमबाट अनुमान गर्नु पर्ने देखिन्छ। यसरी अनुमान गर्दा, कम्पनीको व्यवस्थापनमा संलग्न हुने अपेक्षा; जालसाजी, थिचोमिचो तथा कम्पनीमा आफ्नो पदिय र सम्पत्ति सम्बन्धी हक उपरको हनन विरुद्धको अपेक्षा; उच्चतम परमविश्वासको कर्तव्य (heightened fiduciary duty) को अपेक्षा; सम्बन्धित कम्पनीको प्रबन्धपत्र वा नियमावली वा सर्वसम्मत सम्झौताको सर्तहरु बर्खिलाप गरी बदनियत तथा अनुचित भेदभाव विरुद्धको अपेक्षा समेत गरी अन्य केही स्वभाविक प्रकृतिका अपेक्षाहरु अनुमान गर्न सकिन्छ र त्यस्को हनन सम्बन्धित मुद्दाको परिस्थिति अनुसार मूल्याङ्कन गर्नु

पर्ने देखिन्छ। तर अलिखित समझदारीबाट गरिने वैध अपेक्षाको खोज अस्वभाविक र थप सम्झौता सृजना गर्ने प्रकृतिको हुनु हुदैन भने त्यस्तो हितको खोजी थोरै शेयरधनीहरु रहेको सानो कम्पनीमा मात्र सिमित गर्नु उपयुक्त हुने देखिन्छ।

२२. अब माथि उल्लिखित विश्लेषणलाई प्रस्तुत मुद्दाको तथ्यको सापेक्षतामा हेर्दा, पुनरावेदक दिपकप्रसाद दाहालको सम्बन्धमा विपक्षीहरुले निजको अनुपस्थितिमा सञ्चालक समितिबाट हटाउने गरी गरिएको निर्णय र नयाँ गठित सञ्चालक समितिबाट जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को सम्पत्ति बेचबिखन गर्ने कार्य दफा १३९(१) अन्तर्गत निजको "हक हितविरुद्ध हुने गरी" तथा दफा १३९(२) अन्तर्गत "बदनियतसाथ" भएको हो वा होइन भन्ने मुल्याङ्कन गर्नु पर्ने देखिन्छ।

२३. यस सम्बन्धमा विचार गर्दा, उल्लिखित कार्यहरुबाट पुनरावेदक दिपक प्रसाद दाहाललाई कुनै हानी नोक्सी नपुगेको वा सो पुगेको प्रमाण पेश नगरेको अवस्था भएका कारण दफा १३९ आकर्षित नहुने भनी विपक्षीहरुले लिखित प्रतिवाद गरेको देखिन्छ । दफा १३९ ले "हक हितविरुद्ध" भए गरेको काम कारवाहीलाई निवेदन दिने आधार मानेबाट यस दफाले परिकल्पना गरेको हानी-नोक्सानी भनेको विपक्षीले जिकिर गरे जस्तो परिणामात्मक (consequential) हानी-नोक्सानी मात्र हो भन्न सकिने देखिँदैन। कुनै शेयरधनी उपर गरिएको काम कारबाहीले दफा १३९ आकर्षित हुने अवस्था आउँछ वा आउँदैन भन्ने निर्धारण गर्न त्यस्तो काम कारबाहीको आकृति र स्वरुप (form and object) हेर्नु आवश्यक देखिन्छ। उक्त काम कारबाहीको आकृति र स्वरुप (form and object) दफा १३९ ले उल्लेख गरेको "हक हितविरुद्ध" भन्ने प्रकृतिको विषयसँग प्रत्यक्ष (direct) रुपमा सम्बन्धित देखिने बित्तिकै सो काम कारबाहीलाई दफा १३९ ले परिकल्पना गरेको "हक हितविरुद्ध" भएको मान्नु पर्ने देखिन्छ। त्यस्तो काम कारबाहीले सृजना गर्ने परिणाम कस्तो हुन्छ, कुनै भौतिक वा आर्थिक हानी नोक्सानी ल्याउने किसिमको मात्र हुन्छ वा हुँदैन भनी पर्खी मुल्याङ्कन गर्न आवश्यक हुँदैन। दफा १३९(१) ले "सम्भावनाको आधारमा" उजूरी निवेदन दिन सक्ने बाटो खोली दिएबाट पनि उक्त दफा १३९ आकर्षित हुन "हक हितविरुद्ध" को अवस्था बाहेक अन्य हानी नोक्सानीको प्रमाणीकरण गरिरहनु पर्ने देखिँदैन।

२४. प्रस्तुत मुद्दा तर्फ हेर्दा, पुनरावेदक दिपकप्रसाद दाहालको अनुपस्थितिमा नियमावलीमा तीनजना संचालक समिति रहने भन्ने प्रावधानलाई साधारण सभाबाट संशोधन नगरी निजको अनुपस्थितिमा संचालक समिति नै दुई जनाको बनाई निज पुनरावेदकलाई सञ्चालक समितिबाट हटाउने गरी गरिएको निर्णयको कुनै कानुनी आधार नभएको स्थापित भईसकेको अवस्थामा सो कामकारबाही र नयाँ गठित सञ्चालक समितिबाट जगदम्बा रोटो प्याकेजिङको विवादित सम्पत्ति बेचबिखन. गर्ने कार्य पुनरावेदक दिपकप्रसाद दाहालको समेत शेयर भएको जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. मा आफ्नो पदिय र सम्पत्ति सम्बन्धी हक उपरको हनन विरुद्धको अपेक्षा, तथा उच्चतम परमविश्वासको कर्तव्यको अपेक्षाको विरुद्ध भएको देखिएको हुँदा उल्लिखित कार्यहरु दफा १३९(१) अन्तर्गत पुनरावेदक शेयरधनी दिपकप्रसाद दाहालको हक तथा हितविरुद्ध हुने गरी भएको देखियो।

२५. माथि उल्लिखित विश्लेषणबाट प्रस्तुत मुद्दामा पुनरावेदकको अनुपस्थितिमा निजको समेत लगानी भएको कम्पनिमा बहुमत शेयरधनीहरुले गरेको कार्य निज पुनरावेदकको "हक हितविरुद्ध" हुने स्थापित भएपछि अब उल्लिखित कार्यहरु दफा १३९(२) अन्तर्गत बदनियत वा अनुचित भेदभावसाथ भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा यी दुई अवस्था मध्ये प्रस्तुत तथ्यहरुले प्रतिवादी बहुमत शेयरधनीहरु विष्णु प्रसाद न्यौपाने तथा सुलभ अग्रवालबाट "बदनियत" साथ कार्य भएको देखिन्छ वा देखिदैन भन्ने मूल्याङ्कन गर्नुपर्ने देखियो। यस प्रयोजनको लागि उक्त दफा १३९ मा प्रयोग भएको "बदनियत" शब्दको अर्थ विचार गर्नु पर्ने देखियो। बेलायत[१६] र भारत [१७] को कम्पनी कानूनका सम्बन्धित व्यवस्थाहरुमा हाम्रो

[१६] Companies Act, 2006, United Kingdom, **Section 994: Petition by company member**:

1. A member of a company may apply to the court by petition for an order under this Part on the ground-
   a) that the company's affairs are being or have been conducted in a manner that is unfairly prejudicial to the interests of members generally or of some part of its members (including at least himself), or
   b) that an actual or proposed act or omission of the company (including an act or omission on its behalf) is or would be so prejudicial.
2. The provisions of this Part apply to a person who is not a member of a company but to whom shares in the company have been transferred or transmitted by operation of law as they apply to a member of a company.
3. In this section, and so far as applicable for the purposes of this section in the other provisions of this Part, "company" means-
   a) a company within the meaning of this Act, or
   b) a company that is not such a company but is a statutory water company within the meaning of the Statutory Water Companies Act 1991 (c. 58).

**Section 996: Powers of the court under this Part**:

(1) If the court is satisfied that a petition under this Part is well founded, it may make such order as it thinks fit for giving relief for giving relief in respect of the matters complained of.
(2) Without prejudice to the generality of subsection (1), the court's order may-
  (a) regulate the conduct of the company's affairs in the future;
  (b) require the company-

कम्पनी ऐन, २०६३ को दफा १३९(२) को जस्तो व्यवस्था रहेको पाईंदैन। यस भन्दा अघि यस अदालतले *श्रीजन मानन्धर समेत विरुद्ध राजेश कुमार कर्ण (०७१-RB-०१९०)* को मुद्दामा *'प्रस्तुत मुद्दामा कम्पनीको नियमावलीको नियम १२ को सोझो उल्लङ्घन भएकोमा सो कार्य कम्पनी ऐन, २०६३ को दफा १३९ बमोजिमको "शेयरधनीको हकहित विरुद्ध भएको काम कारबाही' होइन भन्ने देखिएन"* भन्ने उल्लेख भएको तर *"बदनियत" वा "अनुचित भेदभाव"* सम्बन्धमा थप विश्लेषण भएको देखिदैन। त्यसैगरी *अमीरप्रताप राणा समेत विरुद्ध माधवराज शर्मा (०६९-RB-००२९)*

---

(i) to refrain from doing or continuing an act complained of, or
(ii) to do an act that the petitioner has complained it has omitted to do;
(c) authorise civil proceedings to be brought in the name and on behalf of the company by such person or persons and on such terms as the court may direct;
(d) require the company not to make any, or any specified, alterations in its articles without the leave of the court;
(e) provide for the purchase of the shares of any members of the company by other members or by the company itself and, in the case of a purchase by the company itself, the reduction of the company's capital accordingly.

[१७] Companies Act, 2013, India; **Section 241. Application to Tribunal for relief in cases of oppression, etc.-**
(1) Any member of a company who complains that-
(a) the affairs of the company have been or are being conducted in a manner prejudicial to public interest or in a manner prejudicial or oppressive to him or any other member or members or in a manner prejudicial to the interests of the company; or
(b) the material change, not being a change brought about by, or in the interests of, any creditors, including debenture holders or any class of shareholders of the company, has taken place in the management or control of the company, whether by an alteration in the Board of Directors, or manager, or in the ownership of the company's shares, or if it has no share capital, in its membership, or in any other manner whatsoever, and that by reason of such change, it is likely that the affairs of the company will be conducted in a manner prejudicial to its interests or its members or any class of members,
may apply to the Tribunal, provided such member has a right to apply under section 244, for an order under this Chapter.
(2) The Central Government, if it is of the opinion that the affairs of the company are being conducted in a manner prejudicial to public interest, it may itself apply to the Tribunal for an order under this Chapter.

**Section 242: Powers of Tribunal**.-
(1) If, on any application made under section 241, the Tribunal is of the opinion-
(a) that the company's affairs have been or are being conducted in a manner prejudicial or oppressive to any member or members or prejudicial to public interest or in a manner prejudicial to the interests of the company; and
(b) that to wind up the company would unfairly prejudice such member or members, but that otherwise the facts would justify the making of a winding-up order on the ground that it was just and equitable that the company should be wound up,
the Tribunal may, with a view to bringing to an end the matters complained of, make such order as it thinks fit.
(2) Without prejudice to the generality of the powers under sub-section (1), an order under that sub-section may provide for-
(a) the regulation of conduct of affairs of the company in future;
(b) the purchase of shares or interests of any members of the company by other members thereof or by the company;
(c) in the case of a purchase of its shares by the company as aforesaid, the consequent reduction of its share capital;
(d) restrictions on the transfer or allotment of the shares of the company;...
...(m) any other matter for which, in the opinion of the Tribunal, it is just and equitable that provision should be made.

को मुद्दामा समेत यस अदालतले कम्पनी ऐन, २०६३ को दफा १३९ को उद्देश्य बारे चर्चा गर्दै *"अल्पमतको रक्षा, स्वस्थ्य कर्पोरेट व्यवस्थापन र कर्पोरेट सुशासनको लागि न्यायको रोहमा उचित र उपयुक्त आदेश जारी गर्न सक्ने अवस्था रहेको देखिन्छ"* भनी दफा १३९ ले प्रदान गरेको उपचारको बारेमा मात्र चर्चा गरेको पाइन्छ। उक्त फैसलामा समेत "बदनियत" वा "अनुचित भेदभाव" को विवेचना भएको पाईंदैन। यस प्रसङ्गमा दफा १३९ मा प्रयुक्त तथा उल्लिखित दुई फैसलाहरुमा व्याख्या भएको "बदनियत" र अनुचित भेदभाव" को थप व्याख्या गर्नु पर्ने देखियो। कानून व्याख्याको सामान्य सिद्धान्त अनुरुप अदालतले दफा १३९ का प्रत्येक शब्दलाई प्रभाव दिनु पर्ने र अल्पमत शेयरधनीको हकहित संरक्षण गर्ने निहित उद्देश्यलाई पनि मध्यनजर गर्न जरुरी देखिन्छ।

२६. कानुनको समग्र उद्देश्यलाई नजरअन्दाज गरी केवल शब्दको निरपेक्ष व्याख्या गर्दा अल्पमतका शेयरधनीलाई निजको हकहित हनन भएको पुष्टि गर्नका निम्ति औपचारिकताको जटिलतामा संलग्न गराउनु जस्तै हुने देखिन्छ। यस अर्थमा "बदनियत" वा "अनुचित भेदभाव" को प्रमाणिक आवश्यकता (threshold) लाई प्रमाणिक रुपमै हेरिनुपर्ने देखिन्छ| बेलायत र भारतमा prejudicial and oppressive भन्ने उल्लेख भएको अवस्थामा हाम्रो कम्पनि कानुनमा "बदनियत" भनिएकोले यसको प्रमाणिकताको तह केही हदसम्म उच्च स्तर कै हुनुपर्ने देखिन्छ। यथार्थमा पूर्वाग्राही भएको देखिने प्रमाणिक अवस्था विद्यमान भए सामान्यतया त्यसैलाई बदनियतको रुपमा मान्न सकिन्छ तर त्यस्तो कार्य पूर्वाग्राही र बदनियत साथ गरिएको हो भन्ने प्रमाणको मुल्याङ्कन वा विश्लेषणलाई अदालतले गम्भीर रुपमा लिन पर्ने देखिन्छ। यस प्रसङ्गमा प्रस्तुत रिट निवेदनमा हेर्दा, प्रतिवादी विष्णु प्रसाद न्यौपाने तथा सुलभ अग्रवालले साधारणसभाको बैठक हुने सूचना पुनरावेदक दिपक प्रसाद दाहाल सम्म पुर्याउन विभिन्न तवरले सूचना सम्प्रेषण गरेको भन्ने उल्लेख भएको पाइन्छ। यस अर्थमा निजहरुले आफूले उचित कदम (due diligence) पुरा गर्न खोजेको देखिन्छ। यद्दपि, जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को प्रबन्धपत्र, नियमावली वा अन्य कुनै सम्झौता अनुरुप बैठकमा उपस्थित नहुने

संचालकका सम्बन्धमा कानुन अनुरुप निर्णय लिनु[१८] को साटो अर्थात् संचालक समितिको निर्णय बमोजिम साधारण सभा बोलाई नियमावलीमा संशोधन गरी संचालक समितिका सदस्य संख्यामा परिवर्तन नगरी नियमावलीको प्रष्ट व्यवस्था विरुद्ध निज पुनरावेदकलाई एक प्रकारको कारवाही गरेको देखिएबाट र निजको डाईरेक्टर लोनका सम्बन्धमा स्पष्टताका साथ उल्लेख गरेको नदेखिएबाट नियमावलीको प्रावधान विपरित संचालकबाट हटाएको, डाइरेक्टर लोनको बारेमा स्पष्ट उल्लेख नगरेको, बिक्रि गरिएको सम्पत्तिबाट प्राप्त रकम कम्पनिको खातामा ल्याएको नदेखिएको, बिक्रि गरिएको जग्गाको मुल्यांकनको आधार स्पष्ट उल्लेख नगरिएको समेत आधारबाट निज विरुद्ध पुर्वाग्रह तथा बदनियत राखेको भन्ने देखिन्छ। यस अवस्थामा पुनरावेदक दिपक प्रसाद दाहालको "हक हित" विरुद्ध हुने गरी पूर्वाग्रह राखी "बदनियत" पूर्ण ढङ्गले कामकारबाही भएको हुनाले विपक्षीहरुले गरेको कामकारवाहीबाट पुंनरावेदक अल्पमत शेयरधनी दिपक प्रसाद दाहालको कम्पनी ऐन, २०६३ को दफा १३९ को "हक हित" को उल्लंघन भएको अवस्था आकर्षित हुने देखियो।

२७. अब, जहाँसम्म विपक्षीहरुले लिएको प्रस्तुत लिखित प्रतिवाद हेर्दा निवेदकले दफा १३८[१९] अन्तर्गत निवेदन/उजुरी लिई आउनु पर्नेमा दफा १३९ अन्तर्गत लिई आएको नमिलेको

---

[१८] कम्पनी ऐन,२०६३ को दफा ९७ को उपदफा (१) सञ्चालक समितिको बैठकः (१) प्राइभेट कम्पनीको सञ्चालक समितिको बैठक नियमावलीमा लेखिए बमोजिम हुनेछ ।

(२) पब्लिक कम्पनीको सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्न पर्नेछ। तर दुई बैठकको बीचको अन्तर तीन महिनाभन्दा बढी हुने छैन ।

(३) कम्पनीको सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयं उपस्थित हुनु पर्नेछ। सञ्चालकको सट्टा सञ्चालकको प्रतिनिधिको उपस्थिति मान्य हुने छैन ।

(४) कम्पनीको सञ्चालकहरुको जम्मा सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको कुनै बैठक हुने छैन। तर यस ऐन बमोजिम सञ्चालक समितिको बैठकमा छलफल हुने कुनै विषयमा छलफल गर्न नपाउने सञ्चालकलाई यस उपदफाको प्रयोजनकोलागि गणना गरिने छैन।

(५) उपदफा (४) मा उल्लिखित सङ्ख्यामा सञ्चालकहरु उपस्थित नभएको कारणबाट सञ्चालक समितिको बैठक सम्पन्न हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ। त्यस्तो बैठकमा पनि उपदफा (४) मा उल्लिखित सङ्ख्यामा सञ्चालकहरु उपस्थित नभएमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

[१९] कम्पनी ऐन, २०६३, दफा १३८. अनाधिकार कार्य गर्नबाट सञ्चालक तथा पदाधिकारीहरुलाई रोक्न सकिनेः

(१) कुनै सञ्चालक वा पदाधिकारीले आफ्नो अधिकारक्षेत्र नाघी कम्पनीको तर्फबाट कुनै काम गरेमा सो उपर रोक लगाउन त्यस्तो कम्पनीको शेयरधनीले अदालतमा निवेदन दिन सक्नेछ। तर कम्पनीले गरिसकेको काम कारबाहीबाट सिर्जना भएको दायित्व पालना गर्ने सम्बन्धमा गरिएको वा गर्न लागिएको काम कारबाहीका सम्बन्धमा यस दफा अनुसार निवेदन दिन सकिने छैन ।

भन्ने सन्दर्भमा हेर्दा, दाबीकर्ता दिपकप्रसाद दाहाल जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. को अल्पमत शेयरधनी रहेको कुरामा विवाद नरहेको र निजले निजको हक हित उपर असर पर्यो भनी दाबी लिएको देखिँदा दाबीकर्ताले संचालक वा पदाधिकारीले आफ्नो अधिकारक्षेत्र नाघी कम्पनीको तर्फबाट गरेको कार्यका सन्दर्भमा नभई शेयरधनीहरुले गरेको कार्यका सम्बन्धमा चुनौती दिएको देखिँदा दफा १३९ बमोजिमको दाबी ल्याएपछि अदालतले उक्त दफा १३९ को मागदाबी अनुसार नगरी दफा १३८ अनुसार प्रस्तुत दाबीको निर्णय गर्नुपर्ने भनी मान्नु मिल्ने देखिदैंन। यसर्थ प्रस्तुत मुद्दा दफा १३८ अन्तर्गत आउनु पर्ने हो, दफा १३९ अन्तर्गत होइन भन्ने विपक्षीहरुको जिकिरका सम्बन्धमा धेरै विश्लेषण गरिरहनु पर्ने देखिएन।

२८. तेस्रो प्रश्न, अर्थात् **दफा १३९ अन्तर्गत दाबी गर्दा कम्पनीलाई विपक्षी बनाउनु अनिवार्य छ वा छैन** भन्ने सम्बन्धमा विचार गर्दा विपक्षी विष्णुप्रसाद न्यौपानेले यस अदालतमा लिखित प्रतिवाद गर्दा "यदि शेयर होल्डरहरुबाट कुनै शेयरहोल्डरको हक हितमा असर परेको प्रमाणित हुने भए कम्पनी ऐनको दफा १३८ अन्तर्गत अधिकारक्षेत्र नाघी कार्य गर्नबाट सञ्चालक तथा पदाधिकारीहरुलाई रोक्न सकिने व्यवस्था अनुरुप दफा १३८ को उपदफाको (१) र (२) बमोजिमको उजुरी अदालत समक्ष दिनु पर्नेमा ऐनको दफा १३९ बमोजिम दिइएको उजुरीमा कम्पनीलाई नै विपक्षी बनाउनु पर्ने अनिवार्य हुन्छ" भनी जिकिर लिएको देखिन्छ। यस प्रसङ्गमा दफा १३९ अन्तर्गत उजुरी गर्दा कम्पनि वा कोहि खास व्यक्तिलाई विपक्षी बनाउनै पर्ने, नत्र दाबी नपुग्ने भन्ने कार्यविधिगत पूर्व-सर्त (procedural pre-condition) यस दफामा छ वा छैन भन्ने विषयमा विचार गर्नुपर्ने देखियो।

२९. दफा १३९ को उपदफा (३) अनुसार "उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा अदालतले सम्बन्धित कम्पनी, सञ्चालक वा पदाधिकारी बुझी निवेदनमा उल्लेख भएको

---

(२) कुनै कम्पनीको सम्बन्धमा कार्यालयले दफा १२४ बमोजिम प्राप्त गरेको प्रतिवेदनबाट त्यस्तो कम्पनीको कारोबार सो कम्पनीका कुनै वा सबै वा कुनै खास वर्ग वा समूहका शेयरधनीहरुको हक हित विपरित हुने गरी सञ्चालन हुन सक्ने वा सञ्चालन गरिएको वा कम्पनीले गरेको वा गर्न लागेको कुनै कार्य वा कम्पनीले गर्नु पर्ने कुनै कार्य नगरेको कारणबाट त्यस्ता शेयरधनीहरुको अहित भएको वा अहित हुनेछ भन्ने कुरा कार्यालयलाई लागेमा कार्यालयले त्यस्तो कम्पनी वा त्यसका सञ्चालक वा पदाधिकारीका विरुद्ध अदालतमा उजुरी निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको निवेदन प्राप्त भएमा अदालतले सम्बन्धित कम्पनी वा त्यसका सञ्चालक वा पदाधिकारी बुझी उपयुक्त आदेश दिन सक्नेछ।

दाबी जिकिर आधारयुक्त भएको देखिएमा सोको उपचार प्रदान गर्न कम्पनीको नाममा अदालतले उचित ठाने बमोजिमको आदेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था उल्लेख गरेको पाइन्छ। उक्त प्रावधान अनुसार अदालतले दफा १३९ अन्तर्गतको दाबी निक्यौंल गर्दा कसलाई बुझी कसको विरुद्ध उपचारको निर्णय दिन सक्छ (respondents against whom relief can be given) भन्ने विषय, अर्थात् *मुख्य गरी* अदालतको उपचारको अधिकार (remedial power) सँग उक्त उपदफा सम्बन्धित रहेको देखिन्छ। हाम्रो कम्पनी ऐनको यो व्यवस्था अल्पमत शेयरधनीको हकहित संरक्षण गर्ने सम्बन्धमा बेलायत र भारतका कम्पनी ऐनले अदालतलाई दिएको उपचारको अधिकार (remedial power) को व्यवस्था भन्दा केहि पृथक देखिन्छ। बेलायतको कम्पनी ऐनको दफा ९९६[२०] र भारतको कम्पनी ऐनको दफा २४२[२१] ले अदालतले आदेश गर्दा कुन प्रत्यर्थी विरुद्ध मात्र निर्णय दिन मिल्छ भनी उल्लेख गरेको छैन। हाम्रो काम्पनी ऐनले भारत र बेलायतको कम्पनी ऐनको जस्तो उपचारका निम्ति अदालतले कसको विरुद्ध आदेश दिने भनेर खुला (open-ended) छोडेको नभई कम्पनीकै नाममा उचित ठाने बमोजिमको आदेश जारी गर्न सक्ने छ भन्ने  उपचारात्मक अधिकार (remedial power) को व्यवस्था गरेको देखिन्छ।

---

[२०] Companies Act, 2006, **Section 996: Powers of the court under this Part**:

(1) If the court is satisfied that a petition under this Part is well founded, it may make such order as it thinks fit for giving relief for giving relief in respect of the matters complained of.

(2) Without prejudice to the generality of subsection (1), the court's order may-

(a) regulate the conduct of the company's affairs in the future;

(b) require the company-

(i) to refrain from doing or continuing an act complained of, or

(ii) to do an act that the petitioner has complained it has omitted to do;

(c) authorise civil proceedings to be brought in the name and on behalf of the company by such person or persons and on such terms as the court may direct;

(d) require the company not to make any, or any specified, alterations in its articles without the leave of the court;

(e) provide for the purchase of the shares of any members of the company by other members or by the company itself and, in the case of a purchase by the company itself, the reduction of the company's capital accordingly.

[२१] Companies Act, 2013, **Section 242: Powers of Tribunal**.-

(1) If, on any application made under section 241, the Tribunal is of the opinion-

(a) that the company's affairs have been or are being conducted in a manner prejudicial or oppressive to any member or members or prejudicial to public interest or in a manner prejudicial to the interests of the company; and

(b) that to wind up the company would unfairly prejudice such member or members, but that otherwise the facts would justify the making of a winding-up order on the ground that it was just and equitable that the company should be wound up,

the Tribunal may, with a view to bringing to an end the matters complained of, make such order as it thinks fit.

३०. अर्को तर्फ, दफा १३९(२) ले उपदफा (१) बमोजिम निवेदन गर्ने शेयरधनीले **"कम्पनीको व्यवस्थापन र नियन्त्रण गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारी** ले प्रबन्धपत्र वा नियमावली वा सर्वसम्मत सम्झौताको बर्खिलाप गरी बदनियतसाथ वा अनुचित भेदभाव गरेको वा गर्न लागेको छ भनी प्रमाणित गर्नु पर्नेछ" भनी व्यवस्था गरेको पाइन्छ। कानूनले जसलाई प्रमाण पेश गर्नु भनेको छ सो व्यक्तिलाई सो मुद्दाको सम्भावित विपक्षी मान्न नसकिने देखिँदैन। यस प्रसङ्गमा कम्पनीको व्यवस्थापन र नियन्त्रण गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारीलाई दफा १३९ अन्तर्गतको सम्भावित विपक्षी भनेर मान्न नसकिने देखिँदैन। यसबाहेक उपदफा (३) ले "सम्बन्धित कम्पनी–बुझी" भनेबाट मुद्दासँग सम्बन्धित उपदफा (१) को अर्थ कम्पनीलाई पनि सम्भावित प्रतिवादी (potential defendant) को रुपमा लिन सकिने नै देखिन्छ। यसरी उपदफा (२) ले दफा १३९ अन्तर्गत को सम्भावित प्रतिवादी उल्लेख गर्दा उपदफा (३) ले ती विपक्षीहरुलाई बुझी निर्णय गर्दा अदालतले कुन निकायको नाममा उपचारको आदेश गर्ने हो भनेर अदालतको उपचारात्मक अधिकार (remedial power) को परिकल्पना गरेको मान्नु पर्ने देखिन्छ। तसर्थ सम्भावित प्रतिवादी भन्नाले उपदफा (३) ले "कम्पनीको नाममा अदालतले उचित ठाने बमोजिमको आदेश जारी गर्न सक्नेछ" भन्ने उल्लेख गरेबाट कम्पनी नै मात्र सम्भावित प्रतिवादी हो भनी उल्लेख गर्ने कार्य उपदफा (३) को मान्ने हो भने उपदफा (२) निरर्थक हुन जान्छ। कानूनको एउटा दफा वा उपदफाको व्याख्या गर्दा अर्को दफा वा उपदफालाई निरर्थक बनाउने गरी गरिनु हुँदैन।

३१. यस प्रसङ्गमा दफा १३९(२) ले सम्भावित प्रतिवादी उल्लेख गरेबाट र दफा १३९(३) ले अदालतको उपचारात्मक अधिकारको व्यवस्था गरेबाट दाबी गर्ने शेयरधनीले दाबी गर्दा कस-कसलाई विपक्षी बनाउन सक्ने र अदालतले दाबीको निक्यौंल गरी उपचारको आदेश दिँदा कसको विरुद्ध आदेश दिन सक्ने भन्ने प्रश्नलाई छुट्टा-छुट्टै रुपमा लिनुपर्ने भन्ने दफा १३९ को विधायिकी मनसाय रहेको देखिन्छ। यी दुई भिन्न व्यवस्थालाई खापेर अदालतको उपचारात्मक अधिकारको परिभाषा गर्ने उपदफालाई सम्भावित प्रतिवादी तोक्ने उपदफा र सम्भावित प्रतिवादी तोक्ने उपदफालाई उपचारात्मक अधिकार परिभाषा गर्ने उपदफा भन्न मिल्ने देखिँदैन। तसर्थ उपदफा (३) ले "कम्पनीको नाममा

अदालतले उचित ठाने बमोजिमको आदेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था दफा १३९ अन्तर्गत दावी गर्दा कसलाई विपक्षी बनाउनु पर्छ भन्ने कार्यविधिगत पूर्व-सर्त (procedural pre-condition) सँग पूर्णतः असम्बन्धित देखिन्छ। अदालतले उपदफा (३) अन्तर्गतको उपचारात्मक अधिकार प्रयोग गरी कम्पनीको ***नाममा*** उपचारको आदेश गर्दा दफा १३९ अन्तर्गतको सम्भावित प्रतिवादीको ***सम्बन्धमा*** मात्र सो उपचारको निर्णय प्रदान गर्न सक्छ भन्ने कुरा उपदफा (३) बाट स्पष्ट देखिन्छ। उपदफा (३) ले अदालतले उपदफा (१) बमोजिमको निवेदनको विषयवस्तु (contents) मा आधारित भएर आफ्नो अन्तरनिहित उपचारात्मक अधिकारको प्रयोग गर्नु पर्दछ भन्ने व्यवस्था गरेको मान्नु पर्ने देखिन्छ। यसको तात्पर्य, जसलाई दफा १३९ अन्तर्गतको निवेदनमा विपक्षी बनाईने हो, सो व्यक्ति सो दफाले परिभाषा गरेको सम्भावित प्रतिवादी भित्र पर्नु पर्ने देखिन्छ, अन्यथा अदालतले उपदफा (३) ले निर्दिष्ट गरेको उपचारात्मक अधिकार प्रयोग गर्न सक्ने देखिदैन।

३२. यसरी कसलाई विपक्षी कायम राख्न मिल्ने हो भन्ने सम्बन्धमा परिणाममुखी (consequentialist) र साधनमुखी (instrumentalist) दुवै भएर विचार गर्न आवश्यक देखिन्छ। परिणाममुखी भएर विचार गर्दा पीडितले आफ्नो हक हनन भएको विरुद्धको उपचार पाउन जरुरी देखिन्छ भने साधनमुखी भएर हेर्दा दुई अवस्था विचरणीय रहन्छः एक, विवादित कानून (law in issue) सँग अर्थपूर्ण सम्बन्ध राख्ने व्यक्तिका विरुद्ध मात्र अधिकार दाबी गर्न मिल्ने देखिन्छ; र दोस्रो, कसका विरुद्ध उक्त दाबी लिइएको हो, सो व्यक्तिलाई विपक्षी नबनाउनु भनेको निजलाई प्रतिवाद गर्ने मौकाबाट वञ्चित गराउनु हो[२२] भन्ने मान्यताको नजिक पुगिन्छ। कुनै पनि मुद्दामा विपक्षीको न्यायिक हक (legal standing) कायम हुन उल्लिखित अवस्थाहरु विद्‌मान भएको हुनु अत्यावश्यक देखिन्छ, एक मात्रको उपस्थितिमा निर्णय गर्दा त्यस्तो निर्णय कमजोर हुन सक्दछ। त्यसैले अदालतले कसको नाममा आदेश गर्न सक्छ भन्ने प्रश्न दफा १३९ को उपदफा (३) ले "कम्पनीको नाममा" भनी स्पष्ट पारेबाट यसमा अझ थप विश्लेषण र व्याख्या गरी रहनु पर्ने देखिँदैन। तर कसको सम्बन्धमा त्यस्तो आदेश जारी गर्ने भन्ने विपक्षीको न्यायिक हक (judicial standing) को विषयमा उक्त विपक्षी दफा १३९ अन्तर्गतको विषयवस्तुमा

[२२] *अशोककुमार शर्मा विरुद्ध श्रम अदालत अनामनगर* (०६७-WO-०८६१), नेकाप २०७६, भाग ६१, अंक १, निर्णय नं. १०१८२।

अर्थपूर्ण सम्बन्ध राख्ने व्यक्ति भएको हुनु पर्ने देखिनुको साथै दाबीकर्ताले दाबीमा उल्लेख गरेका कोहि व्यक्ति विपक्षी कायम नभएबाट प्रतिवाद गर्ने मौकाबाट वञ्चित भएका छ, छैन भन्ने कुराको विचार गर्नुपर्ने देखिन्छ। यदि कायम गरिएका विपक्षीहरु सबै विवादित कानून (law in issue) सँग असम्बन्धित छन् अथवा कायम गर्नु पर्ने विपक्षी कायम नगरी प्रतिवाद गर्ने मौकाबाट वञ्चित हुने अवस्था रहेको छ भने दफा १३९ वा कुनै कानून अन्तर्गत पनि दाबी पुग्न सक्ने देखिँदैन। यसअर्थमा, दफा १३९ अन्तर्गतको विषयवस्तुमा अर्थपूर्ण सम्बन्ध राख्ने व्यक्ति भनेको माथि उल्लिखित गरिएको दफा १३९ को सम्भावित प्रतिवादी हुन्, जसमा सम्बन्धित व्यक्ति पर्न सक्दछ अर्थात सम्बन्धित कम्पनी, *सोको व्यवस्थापन र नियन्त्रण* गर्ने सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक वा कुनै पदाधिकारी पर्न सक्ने देखिन्छ। प्रस्तुत मुद्दामा विपक्षी बनाइएका विष्णु प्रसाद न्यौपाने र सुलभ अग्रवाल उक्त कम्पनीको शेयर धनी र संचालक रहेबाट कम्पनीले सुनुवाईको मौका नै नपाएको भन्ने अवस्था देखिँदैन। प्रस्तुत मुद्दामा जगदम्बा रोटो प्याकेजिङ प्रा.लि. को तर्फबाट सम्पूर्ण काम कारवाही गर्ने शेयरधनीहरु विष्णु प्रसाद न्यौपाने र सुलभ अग्रवाललाई विपक्षी कायम गरिएबाट कोहि खास व्यक्ति विपक्षी कायम नगरेबाट प्रतिवाद गर्ने मौकाबाट वञ्चित भएको अवस्था मान्न सक्ने देखिँदैन। त्यसैले निवेदकको उपस्थिति नरहेको अवस्थामा कम्पनीको साधारणसभा वा संचालक समिति जे भने पनि निवेदनमा विपक्षी बनाइएका दुई जना व्यक्ति भएका र कम्पनीको तर्फबाट गरिने सम्पूर्ण काम कारवाही निजहरुकै तर्फबाट गरिएको हुँदा प्रकारान्तरले जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. भन्नु नै निजहरु दुई जना संचालक देखिएको र दुबैजनालाई निवेदनमा विपक्षी बनाइएको हुँदा कम्पनीलाई विपक्षी नबनाइएको आधारमा निवेदन खारेज हुनुपर्दछ भन्ने जिकिरसँग सहमत हुन सक्ने अवस्था रहेन भन्ने हदसम्म पुनरावेदन अदालत बुटवलबाट भएको निर्णयलाई अन्यथा भनिरहन पर्ने देखिँदैन ।

३३. चौथो प्रश्न, अर्थात् **दफा १३९ ले अदालतलाई दिएको उपचार प्रदान गर्ने अधिकारको स्वरुप के कस्तो किसिमको हो** भन्ने सम्बन्धमा विचार गर्दा जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. ले विक्री गरेको घर जग्गाको राजिनामा लिखत बदर गराउनका लागि दिपक प्रसाद दाहालले मागदाबी लिँदा पुनरावेदन अदालत बुटवलको फैसला मा "कम्पनी ऐनको दफा १३९ को व्यवस्थाको अध्ययन गर्दा उक्त प्रावधानहरुले सम्बन्धित कम्पनी

र सोको क्रियाकलापहरुलाई मात्र नियन्त्रण गर्न सक्ने देखिन्छ, दफा १३९ को प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेकका अन्य निकायलाई आदेश जारी गर्न सक्ने देखिन आउँदैन; कम्पनीले बिक्री गरेको घर जग्गाको राजिनामा लिखत बदर गराउनका लागि अदालत प्रवेश गर्ने मार्गको अवलम्बन कम्पनी ऐनको माध्यमबाट हुन सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ मा कहिँ कतै गरेको देखिँदैन" भनी मागदाबी खारेज गरेको देखिन्छ।

३४. कम्पनी ऐनको दफा १३९(३) ले अदालतलाई शेयरधनीको हकहित रक्षा गर्न "उचित ठाने बमोजिमको आदेश" जारी गर्न सक्ने अधिकार दिएको देखिन्छ भने उपदफा (४) ले "उपदफा (३) बमोजिम आदेश जारी गर्दा सो उपदफाको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले देहायको आदेश समेत जारी गर्न सक्नेछ" भनी सम्भावित आदेशहरुको सूचि उल्लेख गरेको देखिन्छ। उक्त सूची हेर्दा अल्पमत शेयरधनीको संरक्षणको विषयमा अदालतलाई उपचार प्रदान गर्न सक्ने फराकिलो अधिकार दिएको देखिन्छ। समान विषयसँग सम्बन्धित बेलायतको कम्पनी ऐनको दफा ९९४ र भारतको कम्पनी ऐनको दफा २४२ ले समेत अदालतलाई समान भाषामा "उचित ठाने बमोजिमको आदेश (such order as it thinks fit) जारी गर्न सक्ने" भन्ने सम्मको अधिकार दिएको देखिन्छ।[२३] कानूनले दिएको यस्तो अधिकारलाई त्यहाँका अदालतहरुले विभिन्न मुद्दामा उपचार प्रदान गर्ने व्यापक अधिकार भनी व्याख्या गरेको पाइन्छ। In Re Macro (Ipswich) Ltd (1994)[२४] को मुद्दामा बेलायती अदालतले त्यहाँको कम्पनी ऐनको दफा ९९४ ले अदालतलाई मुद्दाको परिस्थिति मध्यनजर गरी अन्यायमा परेको अल्पमतको शेयरधनी

---

[२३] Section 996 of Companies Act, 2006 (UK) states: (1) If the court is satisfied that a petition under this Part is well founded, it may make *such order as it thinks fit* for giving relief in respect of the matters complained of.
Section 242 of Companies Act, 2013 (India) states: (1) If, on any application made under section 241, the Tribunal is of the opinion-...the Tribunal may, with a view to bringing to an end the matters complained of, make *such order as it thinks fit.*

[२४] *In re Macro (Ipswich) Ltf* [1994] 2 B.C.L.C. 354, at 404, cited at Daniel Lightman, 'Unfair prejudice petitions: long-range missiles for minority shareholders', *Butterworths Journal of International Banking and Financial Law*, December 2013, available at https://www.serlecourt.co.uk/images/uploads/documents/Daniel_Lightman_JIBFL_Dec_2013_article_on_unfair_prejudice_petitions_1.pdf.

(unfair prejudice) लाई न्याय दिने उपयुक्त अवधारणा प्रतिपादन गर्ने गरी लचिलो क्षेत्राधिकार (jurisdiction of an elastic quality) दिएको भनी व्याख्या गरेको पाइन्छ। अदालतकै शब्दमा: "[Section 994] has an elastic quality which enables the courts to mould the concepts of unfair prejudice according to the circumstances of the case"[२५] भनी उल्लेख गरेको पाइन्छ। बेलायतको अभ्यास हेर्दा अल्पमतको शेयरधनीको हक संरक्षणार्थ कतिपय अवस्थामा कम्पनीको नै विघटन गर्न सक्ने, शेयरधनीलाई पर्न गएको मर्का र त्यसबाट सृजित अवस्था समेतलाई हेर्नुपर्ने र भविष्यमा समेत अल्पमत शेयरधनीलाई हुन सक्ने पूर्वाग्रहपूर्ण (prejudicial) कार्यहरुको सम्बन्धमा आदेश दिएको पाइन्छ। यस अदालतलेसमेत *अमीरप्रताप राणा विरुद्ध माधवराज शर्मा (०६९-RB-००२९)* को मुद्दामा दफा १३९(३) र (४) का व्यवस्थाहरुले अदालतलाई "अल्पमतको रक्षा, स्वास्थ्य कर्पोरेट व्यवस्थापन र कर्पोरेट सुशासनको लागि न्यायको रोहमा उचित र उपयुक्त आदेश जारी गर्न सक्ने" अधिकार दिएको देखिन्छ भनी व्याख्या गरेको पाइन्छ।[२६]

३५. उल्लिखित विवेचनाबाट कम्पनी ऐन, २०६३ को दफा १३९ ले उक्त दफा अन्तर्गत हुने "हक हित" हननको उपचारको निम्ति अदालतलाई फराकिलो अधिकार प्रदान गरी मर्का परेको शेयरधनीको अधिकार पुनःस्थापना तथा सुनिश्चित गर्न उपयुक्त उपचारको निर्णय आफैं निर्धारण गर्न सक्ने गर्ने लचिलो अधिकार (**jurisdiction of an elastic quality**) दिएको देखिन्छ। समग्रमा यसबाट कम्पनी ऐन, २०६३ को दफा १३९ ले उपचारको प्रकृति कस्तो हुने भन्ने सम्बन्धमा निम्न बमोजिमका विषयहरु सम्बोधन गरेको भन्ने निष्कर्ष निकाल्न सकिन्छ:

१) उपचार निर्धारण गर्दा, अदालतले मर्का परेको शेयरधनीको अवस्थाको मूल्याङ्कन गर्दा कुनै पनि समयको पावन्दी (**timeframe**) मा सीमित हुनु पर्ने देखिँदैन। अल्पमत शेयरधनीको "हकहित" हननका कारण पीडित शेयरधनीको अवस्था मुद्दा गर्ने समयमा

[२५] *In re Macro (Ipswich) Ltf* [1994] 2 B.C.L.C. 354, at 404, cited at Daniel Lightman, 'Unfair prejudice petitions: long-range missiles for minority shareholders', *Butterworths Journal of International Banking and Financial Law*, December 2013, available at https://www.serlecourt.co.uk/images/uploads/documents/Daniel_Lightman_JIBFL_Dec_2013_article_on_unfair_prejudice_petitions_1.pdf.

[२६] अमीरप्रताप राणा विरुद्ध माधवराज शर्मा (०६९-RB-००२९) ।

कस्तो थियो, हाल सुनुवाई भईरहँदा कस्तो छ र यी दुई समयकाल बीचको अन्तरालमा कस्तो अवस्था रहेको छ भन्ने हेरी यस्तो समय पाबन्दीको परिप्रेक्षमा पीडित शेयरधनीको अवस्थाको मूल्याङ्कन गरी अदालतले उपयुक्त उपचार प्रदान गर्न सक्ने देखिन्छ।

२) अदालतले "उचित ठाने बमोजिमको आदेश" जारी गर्दा मागदाबीमा उजुरीकर्ताले उल्लेख गरेको उपचारको दायरामा मात्र सीमित रहनु पर्ने देखिँदैन। मुद्दाको परिस्थितिको सापेक्षतमा पीडित शेयरधनीको हकहितको कसरी उचित सम्बोधन हुन्छ, सोहि किसिमको उपचार प्रदान गर्न अदालत कानुनी रुपले स्वतन्त्र रहेको देखिन्छ।

३) दफा १३९ को उपदफ (४) ले "उपदफा (३) बमोजिम आदेश जारी गर्दा सो उपदफाको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रबन्धपत्र, नियमावली वा सर्वसम्मत सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले देहायको आदेश समेत जारी गर्न सक्नेछ" भनी व्यवस्था गरेबाट अदालतलाई यस विषयमा पूर्ण रुपमा व्यवहारिक (**pragmatic**) भई औपचारिकता (**formalism**) को परिधीमा बस्न नपर्ने गरी अधिकार प्रदान गरेको देखिन्छ। यसर्थ, दफा १३९(३) र (४) ले अदालतलाई अल्पमतका शेयरधनीको हकहित संरक्षण तथा पुनःस्थापना गर्न व्यापक उपचारको अधिकार तथा सो उपचारको तर्जुमा गर्न लचिलो क्षेत्राधिकार दिएको देखिन आयो।

३६. अब निवेदक दिपक प्रसाद दाहालले पाउनु पर्ने उपचारको सम्बन्धमा पुनरावेदन अदालत बुटवलले गरेको फैसला मिलेको छ वा छैन भन्ने तर्फ विचार गर्दा, जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. ले विक्री गरेको घर जग्गाको राजिनामा लिखत बदर गराउनका लागि दिपक प्रसाद दाहालले मागदाबी लिँदा पुनरावेदन अदालत बुटवलको फैसलामा "कम्पनी ऐनको दफा १३९ को व्यवस्थाको अध्ययन गर्दा सो प्रावधानहरुले सम्बन्धित कम्पनी र सोको क्रियाकलापहरुलाई मात्र नियन्त्रण गर्न सक्ने देखिन्छ, दफा १३९ को प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेकका अन्य निकायलाई आदेश जारी गर्न सक्ने देखिन आउँदैन; कम्पनीले विक्री गरेको घर जग्गाको राजिनामा लिखत बदर गराउनका लागि अदालत प्रवेश गर्ने मार्गको अवलम्बन कम्पनी ऐनको माध्यमबाट हुन सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ मा कहिँ कतै गरेको देखिँदैन" भनी मागदाबी खारेज गर्ने गरी फैसला गरेको देखिन्छ।

३७. पुनरावेदक दिपकप्रसाद दाहालले मेरो मंजुरी र सहमती बेगर मालपोत कार्यालय रुपन्देहीबाट र.नं. ६९३२ (ग) मिति २०७०-०३-१० को राजिनामाबाट जिल्ला रुपन्देही हाटी वनगाई ५ (क) मा रहेको कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ को ज.वि. १-६-१०-० जग्गा र घर समेत दिने जगदम्बा रोटो प्याकेजिङ र लिने क्वालीटी रोटो प्याकेजिङ भएको उक्त राजिनामाको लिखत वदर गरी उक्त सम्पुर्ण सम्पत्ति जगदम्बा रोटो प्याकेजिङका नाममा यथास्थितिमा दर्ता श्रेष्ता कायम गर्नु भन्ने उपचारको मागदाबी गरेको देखिन्छ। पुनरावेदकले दाबी गरेबमोजिमको उपचारको आदेश दिन दुई कारणहरुलाई विश्लेषण गर्नुपर्ने देखिन्छ।

३८. पहिलो, माथि विवेचना गरिएबमोजिम पुनरावेदन अदालत बुटवलले मागदाबी खारेज गर्ने फैसलामा उल्लेख गरे जस्तै दफा १३९ को प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेकका अन्य निकायलाई आदेश जारी गर्न सक्ने देखिँदैन। दोस्रो कारण, कम्पनी ऐनको दफा १०३[२७] र १०४[२८] ले कुनै कम्पनीसँग कुनै तेस्रो पक्षले असल नियतसाथ गरेको कारोबार त्यस कम्पनीको प्रबन्धपत्र, नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि सो कम्पनीका लागि बाध्यकारी हुनेछ र सो कारोबार कम्पनी वा त्यसका पदाधिकारीले क्षेत्राधिकार नाघी निर्णय गरेकै कारणबाट अमान्य हुने भन्ने मानिंदैन।[२९]

---

[२७] <u>दफा १०३. अन्य व्यक्तिसँगको कारोबार र कम्पनीको अधिकार क्षेत्र</u>: (१) कम्पनीको प्रबन्धपत्रमा उल्लेख भएको कुनै कुराको आधारमा कम्पनीले अन्य व्यक्तिसँग गरेको कुनै कारोबार अधिकारक्षेत्रविहीन भएको भन्ने कारणबाट मात्र त्यस्तो कारोबार अवैध वा अमान्य हुने छैन ।
(२) कम्पनीको प्रबन्धपत्रमा निर्धारित अधिकारक्षेत्रको सीमाभित्र रही त्यस्तो कारोबार गर्नु प्रत्येक सञ्चालक तथा पदाधिकारीको कर्तव्य हुनेछ ।
(३) उपदफा (१) मा उल्लिखित अवस्थाबाहेक कुनै सञ्चालकले आफूलाई प्राप्त अख्तियारीभन्दा बाहिर गई गरेको काम कारोबार कम्पनीको साधारण सभाद्वारा विशेष प्रस्ताव पारित गरी अनुमोदन गर्न सकिनेछ ।
(४) उपदफा (३) बमोजिम विशेष प्रस्तावद्वारा कुनै काम कारबाही अनुमोदन भएको कारणबाट मात्र कम्पनीको सञ्चालक, पदाधिकारी वा अन्य व्यक्तिले अधिकार क्षेत्र नघाई गरिएका काम कारबाही बापत यस ऐन अन्तर्गतको दायित्वबाट निजले छुट पाएको मानिने छैन ।

[२८] <u>दफा १०४. कम्पनीलाई बन्धनकारी हुने</u>: (१) पदाधिकारी वा कम्पनीको लागि काम गर्न अख्तियारीप्राप्त व्यक्तिद्वारा भए गरेको काम कारबाही वा निजको सहीछाप भएको कागजात कम्पनीको लागि मान्य तथा बन्धनकारी हुनेछ ।
(२) कुनै व्यक्तिले असल नियतले कम्पनीसँग कुनै कारोबार गरेकोमा त्यस्तो कारोबार कम्पनीलाई बन्धनकारी हुनेछ र कम्पनीको प्रबन्धपत्र, नियमावली वा कम्पनीद्वारा पारित कुनै पनि प्रस्ताव, कम्पनी र यसको कुनै पनि शेयरधनीबीचमा भएको सम्झौतामा लेखिएको कुनै कुराले त्यस्तो कारोबार गर्न सञ्चालक वा अख्तियार प्राप्त व्यक्तिको अख्तियारमा कुनै सीमा वा बन्देज लगाएको मानिने छैन ।
तर कुनै पदाधिकारीले आफूलाई प्राप्त अख्तियारीभन्दा बढी अख्तियारी प्रयोग गरी उपदफा (१) वा (२) मा लेखिएको कुनै काम वा कारोबार गरेमा त्यस्तो अख्तियारी साधारण सभाबाट यस ऐन बमोजिम अनुमोदन नभएमा निज व्यक्तिगत रुपमा जिम्मेवार रहनेछ र त्यस्तो काम कारोबारबाट कम्पनीलाई हानि नोक्सानी भएको रहेछ भने सो समेत कम्पनीले निजबाट भराइ लिन सक्नेछ ।

[२९] कम्पनी ऐन, दफा १०३(१): कम्पनीको प्रवन्धपत्रमा उल्लेख भएको कुनै कुराको आधारमा कम्पनीले अन्य व्यक्तिसँग गरेको कुनै कारोबार अधिकारक्षेत्रविहीन भएको भन्ने कारणबाट मात्र त्यस्तो कारोबार अवैध वा अमान्य हुने छैन ।
**दफा १०४(१)**: पदाधिकारी वा कम्पनीको लागि काम गर्न अख्तियारीप्राप्त व्यक्तिद्वारा भए गरेको काम कारबाही वा निजको सहीछाप भएको कागजात कम्पनीको लागि मान्य तथा बन्धनकारी हुनेछ ।
**दफा १०४(२)**: कुनै व्यक्तिले असल नियतले कम्पनीसँग कुनै कारोबार गरेकोमा त्यस्तो कारोबार कम्पनीलाई बन्धनकारी हुनेछ र कम्पनीको प्रबन्धपत्र, नियमावली वा कम्पनीद्वारा पारित कुनै प्रस्ताव, कम्पनी र यसको कुनै पनि शेयरधनीबीचमा भएको सम्झौतामा लेखिएको कुनै कुराले त्यस्तो कारोबार गर्न सञ्चालक वा अख्तियार प्राप्त व्यक्तिको अख्तियारमा कुनै सीमा वा बन्देज लगाएको मानिने छैन ।

कुनै पनि कम्पनीसँग असल नियतले कारोबार गर्ने बाहिरिया वा तेस्रो पक्षको हक र वैध अपेक्षा संरक्षणलाई अन्यथा लिन सकिदैन। बेलायतमा *Royal British Bank v. Turquand (1856)*[३०] को मुद्दामा प्रतिपादित तेस्रो पक्षको हक र वैध अपेक्षा संरक्षण गरिनुपर्ने मान्यतालाई प्रस्तुत मुद्दामा पुनरावेदक दिपकप्रसाद दाहालले जगदम्बा रोटो प्याकेजिङ सँग कारोबार गर्ने तेस्रो पक्ष क्वालीटी रोटो प्याकेजिङको नियत (असल वा खराब) सम्बन्धि *कुनै पनि प्रश्न नउठाएको र उठाएको भन्ने हो भनेपनि सो सम्बन्धी उचित प्रमाण पेश नगरेको कारणले* गर्दा यस विषयमा थप उल्लेख गरिरहनु पर्ने देखिएन। यस प्रसङ्गमा उल्लिखित कारणले गर्दा पुनरावेदकले दाबी गरेबमोजिमको उक्त विक्रि भईसकेको जग्गाहरुको राजिनामा लिखत बदर गराई पाउँ भन्ने उपचारको आदेश दिन सम्भव हुने देखिँदैन।

३९. वस्तुतः पुनरावेदन अदालत बुटवलले '*कम्पनी ऐनको दफा १३९ को व्यवस्थाको अध्ययन गर्दा सो प्रावधानहरुले सम्बन्धित कम्पनी र सोको क्रियाकलापहरुलाई मात्र नियन्त्रण गर्न सक्ने देखिन्छ, दफा १३९ को प्रयोग गरी अदालतले सम्बन्धित कम्पनी बाहेकका अन्य निकायलाई आदेश जारी गर्न सक्ने देखिन आउँदैन; कम्पनीले विक्री गरेको घर जग्गाको राजिनामा लिखत बदर गराउनका लागि अदालत प्रवेश गर्ने मार्गको अवलम्बन कम्पनी ऐनको माध्यमबाट हुन सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ मा कहिँ कतै गरेको देखिँदैन*' भनी गरेको फैसला सो हदसम्म अन्यथा गरिरहनु पर्ने देखिएन। यद्यपि दफा १३९(३) र (४) ले अदालतलाई दिएको उपचारको अधिकार तथा सो उपचारको तर्जुमा गर्ने लचिलो क्षेत्राधिकारको प्रयोग नगरी वादी शेयरधनी दिपकप्रसाद दाहाललाई कुनै पनि किसिमको उपचार प्रदान नगर्ने गरी भएको निर्णय सो हदसम्म भने मिलेको देखिएन।

४०. अब पुनरावेदक दिपक प्रसाद दाहाललाई प्रदान गर्न सकिने उचित आदेशको सम्बन्धमा विचार गर्दा निज पुनरावेदक दिपकप्रसाद दाहाललाई निजको मञ्जुरी र सहमती बेगर मालपोत कार्यालय रुपन्देहीबाट र.नं. ६९३२ (ग) मिति २०७०-०३-१० को राजिनामाबाट जिल्ला रुपन्देही हाटी वनगाई ५(क) मा रहेको कि.नं. ३६५, ३६६,

[३०] *Royal British Bank v. Turquand (१८५६)*

३६७, ७५५ र ७५६ को ज.वि. १-६-१०-० र घरको सम्बन्धमा तथा निज दिपक प्रसाद दाहालको Director's Loan समेतमा उचित उपचार निर्धारण गर्नुपर्ने देखियो।

४१. पुनरावेदक दिपक प्रसाद दाहालले आफूले रु.३,६९,३६,२५०।– (अक्षेरुपी तीन करोड उनान्सत्तरी लाख छत्तिस हजार दुईसय पचास) कम्पनीमा लगानी गरेको र फिर्ता नपाएको, आफ्नो समेत लगानीमा भएको कम्पनी जगदम्बा रोटो प्याकेजिङले जिल्ला रुपन्देही हाटी बनगाईको कि.नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ समतेका ज.वि. १-६-१०-० र सोमा बनेका घर टहरा तथा फ्याक्ट्री कम मूल्याङ्कन गरी रु. ६ करोडमा बिक्री गरी कम्पनीको खातामा रकम जम्मा नगरेको तथा २०६७/०६८ सालमा रहेको संचालक ऋण (Director's Loan) रु. १४,७७,४५,०००।– (चौध करोड सत्तर लाख पैतालीस हजार रुपैयाँ) को हिसाव नगरिएको तथा कम्पनी संचालनमा यथावत भूमिका रहनु पर्ने भन्ने मुख्य दावी रहेको देखिन्छ।

४२. यस सम्बन्धमा प्रस्तुत विवादमा कम्पनी ऐन, २०६३ को दफा १३९ अनुसारका अल्पमतमा रहेका शेयर धनी दिपकप्रसाद दाहाललाई साधारण सभाबाट कम्पनीको नियमावली परिवर्तन नगरी साधारण सभाको बैठकहरुमा दुई जना मात्र बसी तीन जनाको संचालक समितिबाट निजलाई हटाई दुई जनाको मात्र संचालक समिति गठन गरेको, त्यस्तो समितिबाट भएका पत्राचारहरु पूर्वाग्रह नराखी गरिए होलान् भनी अनुमान गर्न सकिने अवस्था नदेखिएको, कम्पनीको नाममा भएका जग्गा, भवन तथा अन्य लिगापात बिक्री गर्दा वस्तुगत मूल्याङ्कन भएको नदेखिएको, त्यसरी जमिन र भवन समेत बिक्री गरेको रकम कम्पनीको खाता मार्फत गरेको भन्ने नदेखिएको र निवेदक/पुनरावेदकले आफुलाई अन्याय परी उचित कानूनी प्रक्रिया अवलम्बन गरी उपचार माग गरेको समेत अवस्थालाई विचार गर्दा तथा कम्पनीको प्रकृति र अवस्था समेत हेर्दा यस्तो सानो आकारको कम्पनीमा निज निवेदकको लगानी तथा त्यसको प्रतिफल समेतको हकहितलाई संरक्षण गरी जगदम्बा रोटो प्याकेजिङ प्रा. लि. तथा यसका शेयर होल्डर/संचालक विष्णुप्रसाद न्यौपाने तथा सुलभ अग्रवालका नाममा निम्न बमोजिमको आदेश जारी गर्नुपर्ने देखियोः

१. मिति २०६९।०८।०६ मा भएको संचालक समितिको विष्णुप्रसाद न्यौपाने तथा सुलभ अग्रवाल समेत दुई जनाको संचालक समिति गठन गर्ने निर्णय कम्पनी ऐन,

२०६३ को दफा १३९ बमोजिम बदर गरिदिएको छ। प्रस्तुत आदेश प्राप्त भएको ३० दिन भित्र निवेदक/पुनरावेदक दिपक प्रसाद दाहाल सहितको संचालक समितिको बैठक बसाई निज सहित कम्पनीको काम कारवाही नियमित रुपमा अघि बढाउनु।

२. कम्पनीको नाममा रहेको जिल्ला रुपन्देही हाटी वनगाई गा.वि.स. वडा नं. ५(क) को कि. नं. ३६५, ३६६, ३६७, ७५५ र ७५६ को जग्गा र ती जग्गामा निर्माण भएका भवन, घर टहरा आदि मिति २०७०।०३।१० मा मालपोत कार्यालय रुपन्देहीबाट र. नं. ६९६२ ग को राजिनामा लिखतद्वारा क्वालिटी रोटो प्याकेजिङ प्रा.लि. लाई बिक्री गरी सकेको भन्ने देखिँदा निवेदक/पुनरावेदकको माग बमोजिम कम्पनी ऐन, २०६३ को दफा १३९ बमोजिमको आदेशबाट तेश्रो पक्षमा गई सकेको उक्त कि.नं. र त्यसमा भएका भवन तथा लिगापातको हस्तान्तरणको लिखत बदर गर्न ऐ. ऐनको दफा १०३ र १०४ को रोहबाट समेत नसकिने देखिँदा उचित रुपमा मूल्याङ्कन नगरी तथा उचित बिक्री प्रक्रिया नअपनाई भएको कार्य, सृजना गरिएको बिक्री मूल्य ६ करोडमा अल्पमत शेयरधनी दिपकप्रसाद दाहाललाई पर्न गएको मर्का समेतलाई मध्यनजर गरी न्यायोचित १० (दश) प्रतिशत मुल्याङ्कन थप गरिदिएको। निज पुनरावेदक दिपक प्रसाद दाहालको लगानीको अनुपातको रुपमा न्यायोचित रुपमा गरिएको थप मूल्याङ्कन सहितको रकममा भुक्तानी वा लगानी कायम गर्दाका दिनसम्म दश प्रतिशतका दरले व्याज कायम गरी निजका नाममा आम्दानी कायम गर्नू।

३. आर्थिक वर्ष २०६७।६८ मा कम्पनीको Directors' Deposit मा १४,७७,४५,०००।– (चौध करोड सत्तर लाख पैतालीस हजार रुपैयाँ) उल्लेख भएको र आ. व. २०७८।७९ मा कम्पनीको Directors' Deposit मा दिपकप्रसाद दाहाल बाहेकका अन्य दुई संचालकहरु विष्णु प्रसाद न्यौपाने र शुलभ अग्रवालको मात्र नाम उल्लेख गरी निजहरुको नाममा क्रमशः रु.११,९७,२०,०००।– (एघार करोड सन्तानब्बे लाख बीस हजार रफैयाँ) र रु. ५,१७,७१,६६०।– (पाँच करोड सत्र लाख एकत्तर हजार छ सय साठी रुपैयाँ) कायम रहेको देखिएकोले उक्त Director Deposit मा अल्पमत शेयरधनी पुनरावेदक दिपक प्रसाद दाहालको Director Deposit को रकमको हिसाव गरी व्याज सहित भुक्तानी दिनु वा कम्पनीमा निजको नाममा लगानी कायम गर्नू।

४३. प्रस्तुत फैसलाको प्रति कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरी कम्पनीको विवरण अद्यावधिक कायम गर्नू।

४४. प्रस्तुत मुद्दाको नक्कल सरोकारवाला व्यक्तिलाई नियमानुसार उपलब्ध गराउनू।

४५.प्रस्तुत फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रवीष्ट गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

(हरिप्रसाद फुयाल)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

(कुमार रेग्मी)
**न्यायाधीश**

इजलास अधिकृतः रंजना विश्वकर्मा
फैसला तयार गर्ने : लक्ष्मी राना
अनुसन्धान सहयोगीः विप्लव ढकाल
इति सम्वत् २०७९ माघ १६ गते रोज २ शुभम् .....................................।